# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## कञ्चनरुप नगरपालिका
## सप्तरी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता,पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**टंकमणि शर्मा, दंगाल**
**महालेखापरीक्षक**

२०७९ आषाढ

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**

पत्र संख्याः २०७८।७९
च.नं. ४०१

मितिः २०७९।३।२०

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
कञ्चनरुप नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सप्तरी ।

**कैफियत सहितको राय**

हामीले **कञ्चनरुप नगरपालिका**को आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा पूर्णरुपमा सवै कारोवार समावेश नगरी वित्तीय विवरण तयार गरेको छ ।
२. लेखापरीक्षणबाट रू ८ करोड ८५ लाख ८६ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्रमाण पेस हुन आएको छैन। उक्त वेरुजु मध्ये असुल गर्नुपर्ने रू २७ लाख ६८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू ८ करोड ३६ लाख ४४ हजार, नियमित गर्नुपर्ने रू ५ लाख १६ हजार र पेश्की रू १६ लाख ५८ हजार रहेको छ ।नगरपालिकाको गतवर्ष रु ३८ करोड ३९ लाख २८ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ४५ करोड ३७ लाख ६५ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरवन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्वन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(पदमराज पौडेल)
नायब महालेखापरीक्षक

कञ्चनरुप नगरपालिका

## बेरुजु वर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| **प्रारम्भिक बेरुजु** | | | **प्रतिक्रियाबाट फछ्र्यौट** | | | **बाँकी बेरुजु** | | | **बेरुजु** | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ६३ | १२६ | ८८५८६ | ० | ० | ० | ६३ | १२६ | ८८५८६ | २७६८ | ५१६ | ८३६४४ | ० | ० | ८४१६० | | १६५८ |

## अद्यावधिक बेरुजू स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ३८३९२८ | ० | १८७४९ | ३६५१७९ | ० | ८८५८६ | ४५३७६५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : कञ्चनरुप नगरपालिका, सप्तरी , कन्चंरूप नगरपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | नवराज खड्का | २०७७-४-१ | २०७८-७-९ |
| कार्यालय प्रमुख | रेणुका शाह | २०७८-७-१० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | राजेश कुमार राज | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ८८,५८५,८९१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | २५,५३,४२,५८७ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८,२५,९०,२७० | **चालु खर्च** | ५५,०५,७५,२२९.५३ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०५,५९,००० | **पूँजीगत खर्च** | ३४,५३,११,७८१.५७ |
| **राजश्व बाँडफाँट** | १०,६४,७८,८९३ | **वित्तीय/अन्य व्यवस्था** | ० |
| **आन्तरिक आय** | २,२८,७१,८५५ | | |
| **अन्य आय** | १८,२३,०१,४९९ | | |
| **कुल आय** | ८१,४८,०१,५१७ | **कुल खर्च** | ८९,५८,८७,०११.१ |
| **बाँकी मौज्दात** | | १७,४२,५७,०९३.२८ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस नगरपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो ।यो कन्चनरुप नगरपालिका अन्र्तगत १२ वडा रहेको ६५ सभा सदस्य १४३.३३ व.की.मी.क्षेत्रफल, ६३५५६ जनसंख्या र मधेश प्रदेशमा अवस्थित छ । | |
| २ | | | **आर्थिक विवरण** | |

| आव २०७७।०७८ को एकिकृत आर्थिक विवरण | | | |
|---|---|---|---|
| आय तर्फ | | व्यय तर्फ | |
| आय विवरण | यस वर्षको वास्तविक आय | व्यय विवरण | यस वर्षको वास्तविक खर्च |
| गत वर्षको जिम्मेवारी | | | |
| नगद।वैक | २५०६६०७२५ | गत आवको क्रमागत योजना | १८१५०९९४२ |
| आन्तरिक आय | २२८७१८५५ | आन्तरिक आय | १२६००२७४ |
| राजस्व वाडफाड | | राजस्व वाडफाड | |
| संघिय सरकार | ९५७४७८९३ | संघिय सरकार | ७५६४८८४५ |
| प्रदेश सरकार | १०७३१००० | प्रदेश सरकार | २४३४६२३ |
| समानिकरण अनुदान | | समानिकरण अनुदान | |
| संघिय सरकार | १५२४००००० | संघिय सरकार | १०६४२८९०९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | प्रदेश सरकार | ७५५९००० | प्रदेश सरकार | ४५४७६४३ | |
| | | | सशर्त अनुदान | | सशर्त अनुदान | | |
| | | | संघिय सरकार | २७३०९०२७० | संघिय सरकार | २४८५१२८२४ | |
| | | | प्रदेश सरकार | ८०००००० | प्रदेश सरकार | ७९८६७३२ | |
| | | | विशेष अनुदान | | विशेष अनुदान | | |
| | | | संघिय सरकार | ४६२००००० | संघिय सरकार | ७०८०८९९ | |
| | | | प्रदेश सरकार | ३०००००० | प्रदेश सरकार | २९०९०२६ | |
| | | | समपुरक अनुदान | | समपुरक अनुदान | | |
| | | | संघिय सरकार | १०९००००० | संघिय सरकार | ९९६९९८६ | |
| | | | प्रदेश सरकार | २०००००० | प्रदेश सरकार | २०००००० | |
| | | | जम्मा | ८८३१६०७४३ | जम्मा | ६६१६२९७०३ | |
| | | | अन्य निकायवाट अनुदान | | | | |
| | | | सामाजिक सुरक्षा भत्ता | १४५२३३३३२ | सामाजिक सुरक्षा भत्ता | १४५२३३३३२ | |
| | | | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ४३६१८० | एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम | ४३६१८० | |
| | | | स्थानिय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम | १४३८९५२ | स्थानिय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम | १४३८९५२ | |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | स्थानिय पूर्वाधार विकास साझेदारी | ९०५८९६० | स्थानिय पूर्वाधार विकास साझेदारी | ९०५८९६० | |
| | | | गरिवसंग विशेश्वर कार्यक्रम | ४७५००० | गरिवसंग विशेश्वर कार्यक्रम | ४७५००० | |
| | | | विविध कोष खाता विविध खर्च खाता | ४८७१९५६ | विविध कोष खाता विविध खर्च खाता | ३०१३६३३ | |
| | | | प्रकोप व्यवस्थापन | १०००००० | प्रकोप व्यवस्थापन | ८८८२७६ | |
| | | | धरौटी | १११६६९२३ | धरौटी | ३९९३७७६ | |
| | | | एकल महिला सुरक्षा कोष | १००००० | एकल महिला सुरक्षा कोष | ० | |
| | | | महिला हिंसा निवारण कोष | १००००० | महिला हिंसा निवारण कोष | ० | |
| | | | कर्मचारी कल्याण कोष | ३७६७९०५ | कर्मचारी कल्याण कोष | ० | |
| | | | मर्मत सम्भार कोष | ४६५२२९१ | मर्मत सम्भार कोष | ५६८४१६ | |
| | | | यूनिसेफ अल्या | ४६८१८६२ | यूनिसेफ अल्या | ० | |
| | | | | | {संघिय वेरुजु फिर्ता<br>-सुत्रमा प्रविष्टि नगरेको भौचर _ | ६९०६५८३७ | |
| | | | | | प्रदेश वेरुजु फिर्ता<br>-सुत्रमा प्रविष्टि नगरेको भौचर_ | ८४९४६ | |
| | | | जम्मा | १८६९८३३६१ | जम्मा | २३४२५७३०८ | |
| | | | | | वैक मौज्दात | १७४२५७०९३ | |
| | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | | | आन्तरिक राजस्वा खाता | ३७३७२० | |
| | | | | | संचित कोष खाता | ४६०४१०४६ | |
| | | | | | पूजिगत खर्च खाता | ५८१४५३५९ | |
| | | | | | चालु खर्च खाता | ४७८२०१३२ | |
| | | | | | विविध कोष खाता एवम विविध खर्च खाता | १४३९१९६५ | |
| | | | | | प्रकोप व्यवस्थापन | १११७२४ | |
| | | | | | धरौटी खाता | ७१७३१४७ | |
| | | | | | महिला हिंसा निवारण कोष | १००००० | |
| | | | | | एकल महिला सुरक्षा कोष | १००००० | |
| | | | कुल जम्मा | १०७०१४४१०४ | कुल जम्मा | १०७०१४४१०४ | |
| ३ | | | **आर्थिक विवरण परीक्षण** | | | | |
| ३.१ | | | बैंक हिसाब मिलान विवरण तयार नगरेको : स्थानीय सरकार सन्चालन ऐन,२०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफनो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । सो बमोजिम मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा कार्यालयले बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । बैंक हिसाब मिलान विवरण तयार गरी श्रेष्ता र बैंक खातामा फरक पर्नुको कारण उल्लेख गरी हिसाब पारदर्शी तथा व्यवस्थित तवरले राख्नुपर्दछ । | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३.२ | | | वित्तीय विवरण विश्लेषण यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्।<br><br>**क.**स्थानीयतहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br>**ख.**स्थानियतहले विभिन्न श्रोतबाट आम्दानी भएको रकम तथा संचतिकोषबाट चालु, पुँजिगत लगायत विभिन्न खातामा स्थानान्तरण गरेको रकम बास्तविक आम्दानी र स्थानान्तरण बमोजिमकै सुत्रमा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । सुत्रमा आम्दानी बाँधिएको रकम सँग संचितकोष, चालु, पुँजिगतको बैंक विवरण भिडान गर्दा अधिकांश फरक पर्न गएको देखिन्छ । अनुदान निकासा बमोजिमनै सुत्रमा प्रविष्ट गर्नुपर्नेमा सो गरेको पाइएन ।<br>**ग** .स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेतथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय-व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।<br><br>**घ**. कार्यालयले संघिय वेरुजु फिर्ता रु ६९०६५८३७१।१० र प्रदेश वेरुजु फिर्ता रु ८४९४६ भनी आर्थिक विवरणमा उल्लेख गरेको सम्वन्धमा कोषतथा लेखा नियन्त्रक कार्यालयले प्रमाणित गरेको विवरणमा भौचर न १५९१५००८ वाट संघिय सशर्त अनुदान फिर्ता रु ६९०६५८३७१।१० र भौचर न १५९१४९१८ वाट प्रदेश सशर्त अनुदान फिर्ता रु ८४९४६ फिर्ता गरेको कोलेनिकाको भौचर पेश भएपनि सुत्रमा प्रविष्टि भएको गोश्वारा भौचरको प्रमाण पेश हुन सकेन।आर्थिक कारोवारको सुत्रमा अनिवार्य प्रविष्टि गरी लेखांकन गरिनु पर्दछ। | |
| ३.३ | | | **घटी जिम्मेबारी सारेकोः** गत आवको महालेखा परीक्षकको प्रतिवेदनमा धरौटी सहित वैक मौज्दात रु २५९८२७६२९।२० रहेकोमा यसवर्ष कार्यालयले पेश गरेको आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी र युनिसेफ अल्या सहित रु २५५३४२५८७।०२ मौज्दात सारेको देखिएकोले घटि मौज्दात सारेको सम्वन्धमा एकिन हुनुपर्ने रु | ४,४८५,०४२.१८ |
| ४ | | | **वजेट र कार्यक्रम** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ भने सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिकाले २०७७ असाढ १० गते वजेट पेश भएकोमा २०७७ असाढ २९ मा नगरसभावाट पारित भएको छ भने २०७७ श्रावण ५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। | |
| ४.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था रहेकोमा नगरपालिकाले यस्तो समिति गठन र निर्णय गरेको प्रमाण पेश पेश भएन। समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा व्यवस्थाको पालना गर्नुपर्दछ। | |
| ४.३ | | | नगरपालिकाले यसवर्ष गत आवको भुक्तानी दिन वाकिभनी विभिन्न चालु तथा पुजिगत खर्चको भुक्तानी दिएकोमा मलेपफान २२१ प्रमाणित गरेको छैन । | |
| ४.४ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम नगरपालिकाले त्यस्ता कतिपय प्रोफाइल तयार गरेकैछैन भने कतिपय अधावधिक गरेको देखिदैन। | |
| ४.५ | | | कार्यालयले चौमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको छैन। | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५</td><td></td><td></td><td>
क्षेत्रगत वजेट<br>
क्षेत्रगत बजेट तथा खर्चः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>मुख्य क्षेत्र</th><th>बिनियोजन</th><th>खर्च रकम</th><th>विनियोजनको तुलनामा खर्च प्रतिशत</th></tr>
<tr><td>आर्थिक विकास</td><td>८८३२५८६४</td><td>४२५९१४४०</td><td>४८.२२</td></tr>
<tr><td>सामाजिक विकास</td><td>३४०७३७६६६</td><td>२५५५५३२७६</td><td>७७.९३</td></tr>
<tr><td>पूर्वाधार विकास</td><td>११९३६९२२०</td><td>८३८३३०४४</td><td>७०.२३</td></tr>
<tr><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>२१८६९४११४</td><td>१९८११०१३९</td><td>९०.५९</td></tr>
<tr><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>८९३७९१८०</td><td>६८०१२११४</td><td>७६.०९</td></tr>
<tr><td>कुल जम्मा</td><td>८६५५०६०४४</td><td>६४८१०००१३</td><td>७४.८८</td></tr>
</table>
आर्थिक विकासमा विनियोजनको तुलनामा ४८.२२ प्रतिशत मात्र खर्च भएको देखिन्छ । लक्ष्य अुनसार खर्च गरी आर्थिक विकास गर्न कार्यालयले ध्यान दिनु पर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **अनुदान फिर्ता**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकको अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले पेश गरेको एकिकृत आर्थिक विवरणको आधारमा २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेको रु ६ करोड ३८ लाख ७८९ मध्ये समयमै फिर्ता नगरी २०७८।०६।१४ मा प्रदेश सरकारलाई रु १ लाख ४ हजार २४२ एवम र ६।१४ मै संघिय सरकारलाई रु ५ करोड २६ लाख ५७ हजार ४८१ फिर्ता गरेको छ। संघिय सरकारलाई फिर्ता गर्न वाकी रु १ करोड १० लाख ३९ हजार ६५ तत्काल फिर्ता गरी प्रमाण पेश हुनुपर्ने रु | ११,०३९,०६५ |

| अनुदान | रकम | संघिय सरकार | अनुदान | फिर्ता गर्नुपर्ने | फिर्ता | फिर्ता गर्न वाकि |
|---|---|---|---|---|---|---|
| संघिय सरकार | | | संघिय सरकार | | | |
| सशर्त अनुदान | २७३०९०२७० | सशर्त अनुदान | २४८५१२८२४ | २४५७७४४६ | | |
| विशेष अनुदान | ४६२००००० | विशेष अनुदान | ७०८०८९९ | ३९११९१०१ | | |
| जम्मा | ३१९२९०२७० | जम्मा | २५५५९३७२३ | ६३६९६५४७ | ५२६५७४८२ | ११०३९०६५ |
| प्रदेश सरकार | | प्रदेश सरकार | | | | |
| सशर्त अनुदान | ८०००००० | सशर्त अनुदान | ७९८६७३२ | १३२६८ | | |
| विशेष अनुदान | ३०००००० | विशेष अनुदान | २९०९०२६ | ९०९७४ | | |
| जम्मा | ११०००००० | जम्मा | १०८९५७५८ | १०४२४२ | १०४२४२ | ० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७ | | | **कारोवारको लेखांकन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्वीकृत लेखा ढाँचामा देहायको बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । गाँउपालिकाले बैक हिसाब मिलान बिबरण २१२, भुक्तानी दिन बाकी, प्राप्त रकमको मास्केवारी- २२२, सन्तुलन परिक्षण- २२५, बजेट रकमान्तर/कार्यक्रम संसोधनको बिबरण- ३०४, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२, भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख ९०७, तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता**<br>स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• नगरपालिकाले एक आर्थिक वर्षमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची ११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा गाँउपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको अभिलेख राख्नुपर्दछ ।<br>• मूल्य अभिवृद्धिकर नियमावली २०५३ को नियम ६(क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई दिएको पाइएन । साथै भुक्तानीमा ETDS समेत गरेको छैन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सि लसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• नगरपालिकाले कर्मचारीहरुको कार्यविवरण वनाइ लागु गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ अनुसार खरिद योजना तयार नगरेको ।<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस गाउँपालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिएबमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ | |
| ९ | | | **पदाधिकारी सुविधा**<br>प्रदेश २ सरकारले जारी गरेको प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी कानूनको अनुसुचिमा पदाधिकारीलाई विभिन्न सुविधा प्रदान गरेको छ। नगरपालिकाले २०७७ श्रावणदेखि २०७८ को असाढसम्मको ६५ जना पदाधिकारीलाई जम्मा रु १५०८७००० भुक्तानी गरेको छ। दफा ५ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी कानुन वमोजिम मासिक सुविधा नपाएका सदश्यले समेत यसै ऐन वमोजिम सो सुविधा नपाएको मितिदेखिको सुविधा प्राप्त गर्ने भने व्यवस्था भएवमोजिम २०७४ आस्विन १५ देखि २०७७ असाढसम्म ३३.५ महिनाको वाड न ४ को वडा अध्यक्ष श्री राम नाप्र साहलाई रु ६ लाख ७० हजार भुक्तानी गरेको छ। उल्लेखित मितिमा भुक्तान नलिएको सम्वन्धमा मलेपफान २२१ प्रमाणित गरेको नदेखिएकोले एकिन गर्ने आधार भएन। | |
| १० | | | **प्रशासनिक संगठन तथा कर्मचारीको अवस्था** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| १०.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा केति दरबन्दी स्वीकृत रहेको तथा हाल केकति पदपूर्ती भएको विवरण पेश हुन सकेन। | |
| १०.२ | | | कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा कर्मचारीहरु करारमा राखिखर्च लेखेको छ ।करारको कर्मचारी छनोटगर्दाको विधि र प्रकृयाको सम्वन्धमा प्रमाण मागगर्दा पेश नभएकोले एकिन गर्ने आधार रहेन। | |
| १०.३ | | | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था बमोजिम नगरपालिकाले भत्ता दिँदा सम्बन्धित कानून नबनाएको भत्ता उपलव्ध गराएको छ। यस्तो कार्यमा नियन्त्रण गरिनुपर्दछ। | |
| ११ | | | **कानुन तथा न्यायिक समिति** | |
| ११.१ | | | कानून र सञ्चालन स्थितिः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीयतहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा नगरपालिकाले हालसम्म बनाएका ऐन, नियमावली, कार्यविधि लगायतका विवरण पेश गरेको छैन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ११.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतीका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउनु पर्ने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त उजुरी र फर्छ्यौटको अवस्थाको विवरण माग गर्दा उपलव्ध हुन सकेन। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ । | |
| १२ | | | **शिक्षातर्फ** | |
| १२.१ | | | नगरपालिकाको बिद्यालयगत अभिलेख अधावधिक गरी राख्नु पर्नेमा राखेको छैन देहायका अभिलेख अधावधिक नहुदा लेखापरीक्षणवाट केही उल्लेख गर्न सकिएन । निकासा अभिलेख खाता तयार नगरेकोले निकासा रकम भिडाउन सकिएन। अभिलेख अधावधिक गरी विधालयमा निकासा गर्नु पर्दछ ।<br>१. सामुदायिक विद्यालयको अभिलेख अद्यावधिक छैन।<br>२. प्रत्येक विद्यालयका शिक्षक र कर्मचारीको अभिलेख अद्यावधिक छैन।<br>३. शिक्षक र कर्मचारीको तलव भत्ता र ग्रेडको रकम खुलेको प्रतिवेदन संलग्न छैन।<br>४. अभिलेख बमोजिम निकासा अभिलेख खाता तयार गरेको छैन। | |
| १२.२ | | | सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको सम्वन्धमा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन साथै विधालयको अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन। यसले गर्दा विधालयमा भएको निकासाको सदुपयोग सम्वन्धमा आस्वस्थ हुन सकिएन । विधालयको यथार्थपरक अनुगमन गरी प्रतिवेदन तयार हुनु पर्दृछ । | |
| १३ | | | **सम्पति हस्तान्तरण र अभिलेख**<br><br>सम्पत्ति हस्तान्तरण – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७६ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गरेको छैन । जिन्सी निरिक्षण गरी नगरपालिकाले एकीकृत जिन्सी अभिलेख तयार गरेको देखिएन । यसरी जिन्सी मालसामानको आम्दानी र एकीकृत अभिलेख नहुदा जिन्सी मालसामानहरु.हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका र हस्तान्तरण भइ आएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।<br><br>जग्गापदण्ड– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू–जोखिम सम्वेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ । यस पालिकाले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लागू गरेको देखिएन । स्थानीय तहले आफ्नो सबै क्षेत्र वा कुनै क्षेत्र तोकी त्यस्तो क्षेत्रमा बन्ने भवनहरुको लागि जग्गा तथा भवनको प्रकृति, समान ढाँचाको नमूना नक्सा तयार गर्न र सेवाग्राहीको लागि आफ्ना प्राविधिक कर्मचारीबाट नक्सा तयार गराई निःशुल्क उपलब्ध गराउने व्यवस्था रहेकोमा कार्यान्वयन भएको देखिएन । जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोकी जग्गा तथा भवनको प्रकृतिबमोजिम नक्सा तयार तथा स्वीकृतिको व्यवस्था अपनाउनु पर्दछ ।<br>राष्ट्रिय भवन संहिता– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४३ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने व्यवस्था छ । राष्ट्रिय भवन संहिताको अधिनमा रही थप मापदण्ड समेत बनाई लागू गर्न सक्ने व्यवस्था छ । भवन संहिता पालनालाई पालिकाले कार्यान्वयनमा ल्याएको छैन । भवन संहिता कार्यान्वयन गर्न पालिकामा साधन र स्रोत नरहेको, सम्बन्धित मन्त्रालयले संहिता लागू गर्ने सक्रियता नदेखाएको, मापदण्ड विपरीत भवन निर्माण भएको, नक्सा पास नगरी भवन निर्माण गरेको, सर्वसाधारण जनताले संहिता पालना गर्नुभन्दा जरिवाना तिर्न सहज मानेको, भवन डिजाइन र निर्माणमा एकै प्राविधिकको संलग्नता रही दोहोरो जाँचको व्यवस्था समेत नरहेको अवस्था छ । भवनको नक्सा पास गर्दा भवन संहिताको पालना गर्नुपर्दछ । नक्सापासलाई तदारुकताको साथ कार्यान्वयनमा ल्याइनू पर्दछ ।<br>**सरकारी तथासार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेकोअभिलेख राखेको पाइएन । नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी अभिलेख राख्नु पर्दछ ।<br>**अधुरो भवन निर्माण कार्यः**सार्वजनिकनिकायले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण गर्दा नगरपालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नु पर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र योजनाको प्राथमिकीकरण गर्नु पर्नेमा यस कार्यालयले नक्सापास नगरी, आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एवं गैह्रसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकायसंग समन्वय गरेको अभिलेख नराखेको,भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन, नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुने गरी निर्माण गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>**सार्वजनिक परिक्षणः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले सार्वजनिक परीक्षणअन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाइ पालना गरेको देखिएन । योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र बित्तिय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण पुरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनी पुरा बिबरण नभरेको अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वयन भएको देखिएन । पालिकाबाट संचालित सबै पँुजिगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गराउनु पर्दछ । | |
| १४ | | | **पेश्की**<br>**म्याद नाघेको पेश्की:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको १५ दिनभित्र आफुले सम्पन्न गरेको कामको सम्वन्धमा खर्च प्रमाणित गर्ने आवस्यक विल, भरपाई र कागजातसहितको प्रतिवेदन सम्वन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। त्यस्तै नियम ५२ (३) मा कार्यालयले प्रचलित कानुन वमोजिम दिएको पेश्कीको म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राख्नुपर्ने तथा केन्द्रिय निकायले सो को एकीकृत लगत बनाई महालेखा नियन्त्रक कार्यालय र महालेखा परीक्षकको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट प्राप्त पेश्की बाँकीको विवरण अनुसार आर्थिक बर्षको अन्त्यसम्ममा बाँकी रहेको पेश्की मध्ये लेखापरीक्षण अवधि सम्म रु ११४५५०० फछ्र्योट भइ रु १६५८४२८ म्याद नाघेको पेश्की वाँकी रहेको छ। उक्त बाँकी पेश्की नियमानुसार फर्छ्यौट हुनुपर्ने रु | १,६५८,४२८ |

| गो. भौ. न. | पेश्की लिएको मिति | पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम | पेश्कीको विवरण | रकम |
|---|---|---|---|---|
| १६५ | २०७८/०१/२७ | वेचन सढोक यादव | उन्नत धान विउमा कृषकहरुलाई अनुदान कार्यक्रम | ३००००० |
| ७३६ | २०७७/१२/१० | कञ्चनरुप नगरपालिका१ नं. वडा कार्यालय सप्तरी | विविध खर्च [वडा सञ्चालन खर्च] | १००००० |
| ७३६ | २०७७/१२/१० | कञ्चनरुप नगरपालिका११ नं. वडा कार्यालय सप्तरी | विविध खर्च [वडा सञ्चालन खर्च] | १००००० |
| ११६० | २०७८/०३/१७ | कञ्चनरुप नगरपालिका११ नं. वडा कार्यालय सप्तरी | विविध खर्च [वडा सञ्चालन खर्च] | १००००० |
| १२७ | २०७७/०७/१६ | अनिता देवी यादव | गत आ.व.को मौज्दात | ५०००० |
| २३२ | २०७७/०८/१४ | रविन्द्र मेहत्तर | करार सेवा शुल्क | ५८४२८ |
| ३३३ | २०७७/०९/२१ | हरेराम कार्की | विविध खर्च | १००००० |
| ३४९ | २०७७/०९/२२ | ललित नारायण साह | गत आ.व.को मौज्दात | ५००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| | | | | |
|---|---|---|---|---|
| ४५७ | २०७८/०३/३० | ललित नारायण यादव | विद्यालय सुझाव पेटिका र लैङ्गिक सम्पर्क विन्दु | १००००० |
| १६३२ | २०७८/०३/३१ | काशिनाथ जोशी | गत आ.व.को मौज्दात | ५०००० |
| १७०१ | २०७८/०३/३१ | इन्द्रकला देवी साह | गत आ.व.को मौज्दात | २००००० |
| जम्मा | | | | १६५८४२८ |

</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>

**कोभिड**

नगरपालिकासंग कोभिडमा भएको खर्चको सम्वन्धमा यथार्थ विवरण मागगर्दा समेत पेश हुन नसकेकोले कोभिड तथा ननकोभिड अस्पताल सञ्चालनको स्थिति परीक्षण गर्न सकिएन। साथै कोभिडसंग सम्वन्धित खर्च नगरपालिका चालु तथा सशर्त चालु एवम पुजिगतवाटसमेत भएको देखिएकोले दोहोरो परेन भनि भन्न सक्ने आधार रहेन। नगरपालिकाले कोभिडमा यसवर्ष निम्न उल्लेखित शिर्षकलगायत विभिन्न शिर्षकमा भएको खर्चको अलग्गै अभिलेख तयार गर्नुपर्दछ।

• अस्पतालमा कन्सल्टेन्ट फिजिसियन एनेस्थेसिय मेडिकल अफिसर लगायतका स्वास्थ्य जनशक्तिको दरबन्दी र पदपूर्ति अवस्था विश्लेषण,

• एम्बुलेन्स, आईसियू, भेन्टीलेटर, आईसोलेशन बेड, अक्सिजन प्लान्ट, अक्सिजन सिलिण्डर, कन्सेन्ट्रेटर, पिपिई लगायत स्वास्थ्य सुरक्षा सामग्रीको आवश्यकता र उपलव्धताको अवस्था

• कोभिड १९ का बिरामीहरुको उपचारमा प्रत्यक्ष रुपमा संलग्न स्वस्थ्यकर्मी तथा अन्य कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी मार्गनिर्देशन, २०७७ को पालना,

• कोरोना भाइरस (कोभिड – १९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ बमोजिम सोधभर्ना एवं खर्च भएको जोखिम भत्ता रकम,

• कोभिड उपचारमा संलग्नलाई जनशक्तिलाई स्वास्थ्य वीमा कार्यान्वयन अवस्था

• कोभिड अस्पताल सञ्चालनको अनुगमन र रेखदेख सम्बन्धी व्यवस्था र कार्यान्वयन स्थिति

• संक्रमण फैलिन नदिन कोभिड अस्पतालको सरसफाई र निःसंक्रमकरण सम्बन्धी कार्य

• ननकोभिड बिरामीको उपचारमा परेको असर न्यूनीकरण

• उपचार खर्चको सोधभर्ना माग एवं प्राप्त रकम

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>कर दायित्व<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा २७ मा प्रचलित कानून बमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन वा सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले देहायका शिर्षकबाट कट्टा गरेको रु.२००७८ कर तथा दायित्व सम्बन्धित राजश्व खातामा जम्मा गर्नुपर्नेमा सो गरेको पाइएन । बाँकी कर दायित्व सम्बन्धित खातामा दाखिला गर्नुपर्ने र
<table>
<tr><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>आयकर</td><td>८७६३</td></tr>
<tr><td>अन्य वहालकर</td><td>५६९०</td></tr>
<tr><td>पारिश्रमिक कर</td><td>५६२५</td></tr>
<tr><td>जम्मा</td><td>२००७८</td></tr>
</table></td><td>२०,०७८</td></tr>
<tr><td>१७</td><td></td><td></td><td>श्रेस्ता पेश हुनुपर्ने<br>कार्यालयले सुत्रवाट तयारगरी पेश गरेको वैक नगदी कितावमा संघिय सशर्ततर्फको कुल खर्च रु २४७०८४८२७।३७ रहेको र सोही वैक नगदी कितावको आधारमा लेखापरीक्षण गरिएकोमा एकिकृत आर्थिक विवरणमा भने संघिय सरकारतर्फको रु २४८५१२८२४।३७ खर्च लेखेको छ। विविध कोष खाता तथा विविध खर्च खातातर्फ रु ३०१३६३३ खर्च देखाएकोमा खर्चको श्रेस्ता पेश पेश भएको छैन। साथै सुत्रको वैक नगदी कितावमा आन्तरिक आयतर्फ रु १९२००८५२५।२२ खर्च लेखेकोमा एकिकृत आविमा गत आवको क्रमागत योजनामा रु १८१५०९९४२ एवम आन्तरिक आयमा रु १२६००२७४ गरी जम्मा रु १९४११०२१५ खर्च लेखेको छ।अत संघिय सशर्ततर्फ आविभन्दा वढी खर्च लेखेको रु १४२७९९६।६३ , विविध कोषतर्फको खर्च रु ३०१३६३३ एवम वैक नगदी कितावभन्दा कम खर्च लेखेको रु २१०१६९० को एकिन हुनुपर्ने रु</td><td>६,५४३,३१९.६३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **नगरपालिका कोषको अभिलेख**<br>**नगरपालिका अन्तर्गतका कोषहरुः** स्थानिय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानिय तहले कोष तथा धरौटीको आय ब्यय बिबरण तयारकोषको अभिलेख अद्यावधिक गर्नुपर्ने मा नगरपालिकाले बित्तिय बिबरण म.ले.प.फा.नं २७२ तयार गरेको छैन। कार्यालयले मलेपफान २७२ तयार नगरेकोले लेखापरिक्षणमा पेश भएको बित्तिय बिबरणले यथार्थता चित्रण नगर्नेहुदा सबै निकाशा,आन्तरिक आम्दानी,कोष र धरौटी समेतको मलेपफा न २७२ तयार गरिनु पर्दछ।<br><br>**मध्यकालीन खर्चको संरचनाः**अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा स्थानीय तहले आर्थिक वर्षमा आ–आफनो कार्यक्षेत्र भित्रका बिषयहरुमा सार्वजनिक खर्चको अनुमानित बिवरण तयार गर्दा आगामी ३ वर्षमा हुने खर्चको प्रक्षेपण सहित मध्यकालीन खर्चको संरचना तयार गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले सार्वजनिक खर्च व्यवस्थापन प्रभावकारी बनाउन यस्तो विधि कार्यान्वयनमा ल्याएको छैन। सीमित श्रोत साधन लाई प्राथमिकता प्राप्त क्षेत्रमा प्रबाह गर्न, योजनाको लाभ लागत बिश्लेषण गरी प्रभावकारी बनाउन मध्यकालीन खर्च सँरचनालाई कार्यन्वयन गर्ने ध्यान दिनु पर्दछ । | |
| १९ | | | **वातावरण संरक्षण**<br>**वातावरण संरक्षणः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा पालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । पालिकाले वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, ढल निर्माणको एकीकृत बहु वर्षे योजना र प्रगति पेस भएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई बातावरण संरक्षणको दीर्घकालिन योजना तयार गरी कार्यक्रम संचालन गरिनुपर्दछ । शीर्षक अनुसारको वजेटमा प्रयाप्त ध्यान दिएको देखिएन.।<br><br>**सार्वजनिक परिक्षणः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ ।नगरपालिकाले सार्वजनिक परीक्षणअन्तर्गत योजना संचालन, कार्यान्वयन र कार्यप्रक्रियामा पारदर्शिता र जवाफदेहिताको वृद्धि गर्न सार्वजनिक परीक्षण सम्बन्धी उपभोक्ता समिति परिचालन निर्देशिका बनाइ पालना गरेको देखिएन । योजनाको सार्वजनिक परीक्षण तथा भौतिक र बित्तिय प्रतिबेदन सम्बन्धी ढाँचामा आबश्यक सबै बिबरण पुरा नभरी समितिका पदाधिकारी र लाभग्राही समेतले दस्तखत गरेतापनी पुरा बिबरण नभरेको अवस्थाले योजनामा सार्वजनिक परीक्षण अवलम्वन गरेको भन्न मिलेन। केही ठूला योजनाहरूमा छनौटबाट सामाजिक परीक्षणको व्यवस्था समेत अवलम्वन गर्नुपर्नेमा बाह्य निकायबाट सो प्रक्रिया पनि यो वर्ष कार्यान्वयन भएको देखिएन । पालिकाबाट संचालित सबै पँुजिगत एवं चालु योजनामा निर्देशिकाले तोके बमोजिम सबै बिबरण भरी तोकेको ढाँचा अनुरुप सार्वजनिक परिक्षण गराउनु पर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>ननफाइलर<br>मूल्य अभिवृद्धिकर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धिकरको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयबाट निर्माण व्यवसायी पर्फेक्ट कन्स्ट्रक्सनलाइ निम्नानुसार भुक्तानी गरेकोमा आन्तरिक राजश्व विभागको वेभसाइटमा निजको प्यान सर्च गरी हेर्दा निज ननफाइलर रहेको देखियो । निजलाइ मू.अ.कर समेत भुक्तानी दिएकोले निजलाइ भुक्तानी भएको ५० प्रतिशत मू.अ.कर रु.१४०८७४३.०० निजले कर विवरण पेश गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>भौ नं</th><th>निर्माण व्यवसायी</th><th>रकम</th><th>५० प्रतिशत मू.अ.कर</th><th>अवधि</th></tr>
<tr><td>८९१।१।१८ चालु</td><td>पर्फेक्ट कन्स्ट्रक्सन ३०२७६९३६८</td><td>६५११५२८१.००</td><td>७४९५४५.००</td><td>२०७७ फाल्गुण देखि</td></tr>
<tr><td>९७८।१।१८ चालु</td><td>पर्फेक्ट कन्स्ट्रक्सन ३०२७६९३६८</td><td>२९४३५६६.००</td><td>३३८६४०.००</td><td>२०७७ फाल्गुण देखि</td></tr>
<tr><td>महुली खोला सडक ग्राभेल</td><td>पर्फेक्ट कन्स्ट्रक्सन ३०२७६९३६८</td><td>२७८६३३४.००</td><td>३२०५५८.००</td><td>२०७७ फाल्गुण देखि</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>१४०८७४३.००</td><td></td></tr>
</table></td><td>१,४०८,७४३</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>शिर्षक फरकपारी खर्च<br>गरीवसंग विश्वेस्वर अन्तर्गतको सामाजिक परिचालक अन्तर्गत कार्यरत कर्मचारीहरुको लागी सम्वन्धित शिर्षकमा रकम निकासा हुने हुदा सोही शिर्षकवाट तलव खर्च लेख्नुपर्नेमा सामाजिक परिचालक शान्ती कुमारी यादवलाइ २०७८ बैसाख देखि असार सम्मको तलव भत्ता शिर्षक फरक पारी स्थानीय पूर्वाधार विकास तथा साझेदारी विकास कार्यक्रमवाट खर्च लेखेको अनियमित देखिएको रु.</td><td>७१,०००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>विल भर्पाइ<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ नियम ३९(५) मा खर्च गर्दा खर्चको विल भरपाई सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न निर्माण व्यवसायीलाइ रनिङ विल भुक्तानी गर्दा निर्माण व्यवसायीले प्रतिस्पर्धा नगरेको पि.एस आइटमको रुपमा रहेको होर्डिङवोर्ड, विमा, ल्यावटेष्ट र लेवर क्याम्प स्थापना</td><td>६५६,५४१</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | लगायतका खर्च रकम भुक्तानी दिदा खर्चको विल भरपाइ भन्दा वढि भुक्तानी दिएको छ। विल भरपाइ वेगर भुक्तानी भएको रकम सम्वन्धीत निर्माण व्यवसायीवाट असुल हुनुपर्ने रु | |

| गो भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायी | पि.एस वापत भुक्तनी | संलग्न विल | रकम |
|---|---|---|---|---|---|
| १७२।१।२० | कन्चनरुप ९ चन्द्रनहर सम्मको सडक निर्माण | रुपकाली कन्सट्रक्सन | २५००० | १०५८० | १४४२० |
| २२३।३।१५ | कन्चनरुप १ वाल विकास भवन निर्माण | रुपकाली कन्सट्रक्सन | ३५००० | ७९९२ | ७००८ |
| ८९९।१।१८ | रामेश्वर चौधरीको घरदेखि कोशी तटवन्धसम्मको सडक | पर्फेक्ट कन्सट्रक्सन | १४३५०० | १९७५४ | १२३७४६ |
| ३७०।९।२३ | महेन्द्र जनता मा वि देखि चन्द्रनहर सम्मको सडक | गायत्री निर्माण सेवा | १०३५०० | ५६२० | ९७८८० |
| | कन्चनपुर वकल पथरी पडेभारा सडक | श्रीराम कन्सट्रक्सन सिभिल इन्जिनियरिङ | १५३५०० | २७७० | १००७३० |
| ९०४।१।१८ | धर्मेश्वरको गेट देखि भुवन के सी को घर सम्मको सडक | पर्फेक्ट कन्सट्रक्सन | ९३५०० | १२७७३ | ८०७२७ |
| १६४१।३।३१ | कन्चनपुर घाट देखि बजार जाने वाटो | ओम कन्सट्रक्सन | ३४०२० | ४०२० | ३०००० |
| ३६८।९।२३ | विन्दु चौधरीको घर देखि प्रयाग सम्मको सडक | गायत्री निर्माण सेवा | २८५०० | ३३८० | २५१२० |
| ८९६।१।१८ | कन्चनपुर घटिया सडक | पर्फेक्ट कन्सट्रक्सन | २०००० | ० | २०००० |
| ९०१।१।१८ | पथरी वकाल सडक | पर्फेक्ट कन्सट्रक्सन | १०३५०० | २४५९० | ७८९१० |
| १०५८।३।११ | म.ज.मा.बि देखि चन्द्रनहर सम्म सडक | सन्तोष कन्सट्रक्सत | ५०००० | ३९९६ | ४६००४ |
| ९०६।१।१८ | हिरालाल चौधरीको घर देखि पथरी सडक | पर्फेक्ट कन्सट्रक्सन | ३८५०० | ६५०४ | ३१९९६ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जम्माः ६५६५४१ | |
| २३ | | | **मूल्य अभिवृद्धिकर कट्टीः**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धित राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धित फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर यस नगरपालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.१०५५२८३.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेशे हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु | १,०५५,७८३ |

| गो भौ नं र मिति | भुक्तानी पउने फर्मको नाम | भुक्तानी रकम | ५० प्रतिशतले हुने मु अ कर |
|---|---|---|---|
| ८९९।१।२८ | पर्फेक्ट कन्सट्रक्सन | ६५१५२८१.०० | ३७४७७३.०० |
| ३७०।९।२३ | गायत्री निर्माण सेवा | ४०७२४३८.०० | २३४२५५.०० |
| ९०४।१।१८ | पर्फेक्ट कन्सट्रक्सन | २९४३५६६.०० | १६९३२०.०० |
| ८९६।१।१८ | पर्फेक्ट कन्सट्रक्सन | १४७९२२९.०० | ८५०८८.०० |
| ९०१।१।१८ | पर्फेक्ट कन्सट्रक्सन | १४४३०८८.०० | १०२२२१.०० |
| ९०६।१।१८ | पर्फेक्ट कन्सट्रक्सन | १५५८१२२.०० | ८९६२६.०० |
| | जम्मा | | १०५५२८३.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **म्याद थप**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता वमोजिमको काम त्यस्तो सम्झौता अवधी भित्र पुरा गर्न नसकिने भएमा सम्वन्धित निर्माण व्यवसायीले म्याद सकिनु कम्तीमा २१ दिन अगावै सम्वन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु पर्नेछ र सार्वजनिक निकायले निर्माण व्यवसायीको माग जायज भएमा पूर्व निर्धारित क्षतिपूर्ति नलिने गरी र माग जायज नभएमा सम्झौता वमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी म्याद थप गर्नुपर्ने व्यवस्था छ । यसरी म्याद थप गर्दा कार्यसम्पादन जमानत र विमाको समेत म्याद थप गर्नुपर्दछ । यस नगरपालिका कार्यपालिकाको २०७८।६।२४ को बैठकवाट आर्थिक बर्ष २०७७।७८ मा बोलपत्रको माध्यमवाट संचालन भइ कार्य सम्पन्न नभएका आयोजनाको २०७८ मंसिर सम्मको समय सिमा तोकी म्याद थप गर्न प्रमुख प्रशासकिय अधिकृतलाइ निर्देशन दिएको छ ।नियमानुसार निर्माण व्यवसायीले | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | म्याद सकिनु २१ दिन अगावै कारण सहित म्याद थपको लागी निवेदन दिनु पर्नेमा म्याद थपको लागी निवेदन नदिएको, म्याद थप गर्दा कार्यसम्पादन जमानतको म्याद थप नगरेको, निर्माण व्यवसायीले निर्माण कार्यको विमाको समेत म्याद थप गर्नुपर्नेमा म्याद थप नगरेको पाइयो । कार्यपालिकाले म्याद थपको लागि प्रमुख प्रशासकिय अधिकृतलाइ निर्देशन दिए पनि हालसम्म म्याद थपको निर्णय भएको देखिएन । कार्यापालिकाले निर्देशन दिएको अविध भन्दा पश्चात अर्थात लेखापरीक्षण अवधी २०७८ माघ २० गते सम्म पनि निर्माण कार्य सम्पन्न भएको पाइएन । तसर्थ निर्माण व्यवसायीलाई विमा र कार्यसम्पादन जमानतको म्याद थप गर्न लागाइ सम्झौता बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति समेत लागाइ ठेक्का अवधी थप गर्नु पर्दछ । समयमा कार्य सम्पादन नभएका केही उदाहरण निम्नानुसार छन् । | |

| योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता रकम | यो वर्षसम्मको भुक्तानी | ठेक्काको म्याद | कार्यसम्पादन जमानतको म्याद | कैफियत |
|---|---|---|---|---|---|---|
| वडा नं ४ जगतपुर जानेवाटो कालोपत्रे | पि.वि एण्ड एस इन्जिनियरीङ कन्सलटेन्सी एण्ड कन्सट्रक्सन | २४७९४३४ | २३०१८४२ | २०७८।३।३० | २०७९।३।३१ | लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको |
| चन्द्र नहर देखि कन्चनपर जगतपर सडक | पि.वि एण्ड एस इन्जिनियरीङ कन्सलटेन्सी एण्ड कन्सट्रक्सन | ९०८५६९३ | ७५७२३६९ | २०७८।२।२१ | २०७९।३।३१ | लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको |
| कन्चनरुप ९ देखि चन्द्रनहर सम्मको सडक | रुपकाली कन्स्ट्रक्सन | २७५७९०० | १२४७१६५ | २०७८।१।१९ | १३ जुन २०२२ | लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको |
| खटर साहको पसल देखि वकाल सम्मको सडक कालोपत्रे | पर्फेक्ट कन्स्ट्रक्सन | ४९८७८४२ | २८४४४७६ | २०७८।१।१९ | २०७९।२।३० | लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको |
| राजमार्ग देखि दक्षीण महुली खोलासम्मको सडक | पर्फेक्ट कन्स्ट्रक्सन | ३७४७९९३ | २६८६३३४ | २०७७।१२।१० | २०७८।२।२१ | लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको |
| चन्द्रनहर पश्चीम पिच देखि सैनीचोक सम्मको सडक | पर्फेक्ट कन्स्ट्रक्सन | २८६७०३३ | २०६०१७७ | २०७७।१०।२९ | २०७८।१।१९ | लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको |
| वडा नं ४ कार्यालय देखि कोशी तटवन्ध जाने सडक | पर्फेक्ट कन्स्ट्रक्सन | ४२६३४१२ | १३७९६५३ | २०७७।१०।२९ | २०७८।१।२९ | लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>वडा नं ८ वकाल पथरी सडक</td><td>पि.वि एण्ड एस इन्जिनियरिङ</td><td>७०५७३१३</td><td>१९४५४९५</td><td>२०७७।१२।१०</td><td>२०७८।२।२१</td><td>लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको</td></tr>
<tr><td>वडा नं १ मा ल ना उ मा वि भवन निर्माण</td><td>रुपकाली कन्सट्रक्सन</td><td>२७०१८७७</td><td>१२५१९०१</td><td>२०७७।११।१४</td><td>२०७८।१।१९</td><td>लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको</td></tr>
<tr><td>वडा नं १ मा उलुम प्रा वि भवन निर्माण</td><td>सन्तोष कन्सट्रक्सन</td><td>२५६८०६९</td><td>१२०११८८</td><td>२०७८।१।१५</td><td>२०७८।३।२४</td><td>लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको</td></tr>
<tr><td>नगरपालिका भवन तल्ला थप</td><td>रुपकाली कन्सट्रक्सन</td><td>३०१४३२२</td><td>१०११८७२</td><td>२०७७।१२।१०</td><td>२०७८।२।२१</td><td>लेखापरीक्षण अवधि सम्म कार्य सम्पन्न नभएको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>संचित कोष दाखिला<br>नगरपालिका भवन निर्माणको डि.पि.आर तयार गरी एभरेष्ट इन्जिनियरीङ कन्सलटेन्टलाई रु.४८६०००.०० भुक्तानी भइ सकेपछी पुन यो शिर्षकसंग असम्वन्धित बान्द्राखोला पुल निर्माण र स्टेडियम निर्माणको डि.पि.आर तयार गरेको समेत रु.९५२९४२.०० थप गरी रु.१४३८९५२.०० भुक्तानी गरेको छ । यो शिर्षकमा मौज्दात रहेको रकम संघीय संचित कोष फिर्ता गर्नु पर्नेमा सो नगरी शिर्षकसंग असम्वन्धित पुल तथा स्टेडियमको डि.पि.आर तयार गरेको भनी खर्च लेखेको रु.९५२९४२.०० सम्वन्धीत शिर्षकवाट सोधभर्ना लिइ संघीय संचितकोष दाखिला गर्नुपर्ने रु.</td><td>९५२,९४२</td></tr>
<tr><td>२६</td><td></td><td></td><td>सामाग्रीको प्रयोग<br>कार्यालयले पूँजिगत शिर्षकको गो भौ नं २७५-२०७८।३।२३ वाट फिजिकल फिटनेसका सामाग्री खरिद गरी फिटनेस कलेक्सन सेन्टर सुनसरीलाइ रु.४९९९००.०० भुक्तानी दिएको छ । खरिद भएका उक्त सामाग्री जिन्सी दाखिला तथा प्रयोग भएको स्थान समेत खुलाएको छैन । खरिद भएका सामान जिन्सी दाखिला गरी कुन संस्थालाइ प्रयोग गर्न दिएको हो सोको हस्तान्तरण फारम समेत पेश हुनुपर्ने रु</td><td>४९९,९००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **प्राविधिक मूल्याङ्कन**<br>कार्यालयले पटक पटक गरी देहाय बमोजिमको निर्माण सामाग्री खरिद गरी भुक्तानी गरेको छ । खरिद गरीएका सामाग्रीको आम्दानी तथा खर्च देखिने अभलेख खाता राखेको छैन ।खरिद गरीएका कतिपय सामाग्री कार्यालय परीसरमा मौज्दात रहेको देखिन्छ । खरिद गरीएका सामानको आम्दानी खर्च र बँकी देखिने अभिलेख पेश हुनुपर्दछ साथै खर्च लेखिएको समानको कुन योजनामा खर्च भएको हो सो स्पस्ट देखिने प्रविधिक मूल्याङ्कन पेश हुनुपर्ने रु | १,९२०,२३९ |

| गो भौ नं र मिति | आपूर्तकको नाम | सामानको नाम | परिमाण | भुक्तानी रकम |
|---|---|---|---|---|
| ८२।१२।११ | मानन कन्सट्रक्सन | ग्राभेल | ४८३७५ क्यू फिट | ४९१९७३.०० |
| १९९।३।७ | शान्ती सप्लायर्स | ह्युमपाइप | ६०० एम एम १२ गोटा र ३०० एम एम १० गोटा | ३८८१८३.०० |
| ३५११।३।२७ | मानन कन्सट्रक्सन | ग्राभेल | २३८४० क्यू फिट | ३४४१५२.०० |
| ३५२।३।२७ | मानन कन्सट्रक्सन | ग्राभेल | ५५५ क्यू मिटर | २१२००९.०० |
| ६।३।३० प्रकोप | राधिका रिङ उधोग | ह्युमपाइप | ६०० एम एम १० गोटा र ३०० एम एम ५ गोटा र ४५० एम एम ९ गोटा | ४८३९२२.०० |
| | जम्मा | | | १९२०२३९.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २८ | | | **बढि भुक्तानी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा खर्च गर्दा विल भरपाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले नगरपालिका पूँजिगत शिर्षकवाट मेशिनरी औजार खरिद गरी रु.१००००००.०० र नपुग नगरपालिका चालुवाट रु.१६०१६.०० भुक्तानी भएकोमा ३ वटा सप्लायर्सको रु.९५६०४६.०० को मात्र विल संलग्न रहेकोले विल भरपाइ भन्दा बढी भुक्तानी भएको रकम रु.५९९७०.०० असुल गर्नुपर्ने रु. | ५९,९७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २९ | | | **नगरपालिका चालुतर्फको औषधी खरिद**<br>**औषधी खरिद**– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा २० लाख रुपैंयासम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने, नियम ८४(१क) मा रु.५० लाख रुपैंया सम्मको औषधीजन्य मालसामान सिलवन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने व्यवस्था छ ।कार्यालयले नगरपालिका चालुवाट शिलवन्दी दरभाउपत्रको माध्यामले सिभिल मेडिसिन्सवाट रु ३२८३५१२ कोऔषधि खरिद गरेको छ।यसरी शिलवन्दी दरभाउपत्रवाट खरिद गर्दा देहायको कैफियत देखिएकोलेनियम संगत देखिएन।<br>• स्वास्थ्य लगायतको शाखाहरुवाट औषधी मागगरेको फाराम पेश नभएको,<br>• सूचना प्रकासन गर्दा कार्यसम्पदान जमानत तथा विड जमानत लगायत शिलवन्दी विक्री दर्ता र खुल्ने मितिको समेत विवरण नखुलाएको,<br>• शिलवन्दी दरभाउपत्र खोल्दाको मुचुल्का पेश नभएको,<br>• ·आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मितिब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, ,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।<br>• जिएमपिको प्रमाणपत्र सहित औषधीको विल पेश नभएको तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३० | | | **इन्धन तथा मर्मत खर्च** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.१ | | | **इन्धन खर्चको मापदण्डः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने, सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी यस वर्ष इन्धन कार्यालय प्रयोजनमा रु ३२९०२९६ खर्च गरेको छ। इन्धन खर्चको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने गरी अभिलेख राखेको छैन ।इन्धनको विल संलग्न गरेपनि केकति इन्धन कुन मितिमा कुन सवारीसाधनमा प्रयोग भएको कुपन संलग्न भएको छैन।कर्मचारीले प्रयोग गरेको कार्यालयको र निजी सवारीसाधनमा समेत इन्धन प्रयोग गरेको देखिएकोमा पालिकावाट यस्तो सुविधा उपलव्ध गराइने सम्वन्धमा कुनै निर्णय भएको नदेखिएको यसरी प्रयोग भएको इन्धनलाई नियमिति मान्न सकिएन। इन्धन खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण गरी लगवुक राखेर मात्र खर्च लेख्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ३०.२ | | | बिमा तथा नविकरण खर्च:नगरपालिकाले कार्यालयको सवारीसाधनको विमा गरेवापत रु ४५७५२२।२३ प्रिमियम भुक्तानी गरेको देखिन्छ।पालिकाले कुन कुन सावरीसाधन कुन अवधिको निमित्त विमा गरेको तथा समयमै नविकरण भएनभएको सम्वन्धमा व्यवस्थित अभिलेख राखेको देखिदैन। कार्यालयको सम्पति उपर कुनै विमा दावि गर्ने अवस्था आएमा सहजै विमालेखको आधारमा दावि पेश गर्न सवै विमालेखको व्यवस्थित अभिलेख राख्ने र समयमै नविकरण गरेको हुनुपर्दछ। | |
| ३०.३ | | | **मेशिनरी औजार मर्मतः** आर्थिक कार्यविधि वित्तिय उत्तरदायित्व नियमावली, २०६७ ले सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले सवारीसाधन मर्मत खर्च भुक्तानी गर्दा खर्चमा मर्मत आदेश र मर्मत अभिलेख वेगर मेशिनरी औजार मर्मतमा रु.१० लाख खर्च लेखेको छ । खर्च गर्दा मलेप फाराम नं 414 र 415 समेत अद्यावधिक गरेको देखिएन।कतिपय खर्चलेख्दा मु अ करमा दर्ता भएका मर्मत सेवा प्रदायकवाट मर्मत गरेको देखिदैन मर्मतसँग असम्बन्धित खर्चसमेत सवारीसाधन मर्मतमा खर्च लेखेको देखियो। यस्ता कार्यमा नियन्त्रण गरी नियमको पालना गर्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ। | |
| ३०.४ | २८३ | २०७७-९-७ | **गाडी मर्मतः** प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐनको अनुसूचिको ख मा पदाधिकारीको वैठक भत्ता यातायात सुविधा तथा इन्धन सुविधा लगायतको व्यवस्था गरेको छ।नगरपालिकाले नगर उपप्रमुखलाई यातायता सुविधा वापत मासिक सुविधा रकममा संलग्न गरी भुक्तानी गरेकोमा भौन २८३।०७७।०९।०७वाट निजको निजि गाडी मर्मत गरेवापत इष्टर्न अटो प्याइन्टको विल संलग्न गरी वलवन्त चौधरीलाई भुक्तानी गरेको देखियो।अत मासिक यातायत सुविधा भुक्तानी लिएपस्चात समेत पुनः निजी गाडी मर्मत वापत भुक्तानी लिनुको कारण पेश हुनुपर्ने अन्यथा असुलगरी राजश्व दाखिला हुनुपर्ने रु | ७७,१३२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३०.५ | | | **मर्मत आदेशः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को दफा ९४ को उपदफा ४ वमोजिम सरकारी जिन्सी मालसामान हिनामिना लगत श्रेस्ता सहित त्यसको संरक्षणगर्ने कर्तव्य त्यस्तो सम्पति जिम्मा लिने कर्मचारी र कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । नगरपालिकाले मर्मत खर्च भुक्तानी गर्दा अधिकांश खर्चमा मर्मत आदेश र मर्मत अभिलेख तयार नगरी सवारी साधन मर्मतमा रु ९९९७२४ र निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भारमा रु १०००००० खर्च लेखेको छ ।कतिपय मर्मतकार्य लागत अनुमान तयार नगरी टुक्रापारी समेत गरेको देखिन्छ भने मर्मतको विलहरमा गाडी नम्वरसमेत उल्लेख छैन। यस्ता कार्यमा नियन्त्रण गरी नियमको पालना गर्न तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ३१ | | | **कार्यालय सामाग्री** | |
| ३१.१ | | | **कार्यालय सम्बन्धि खर्चः** कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय शिर्षकमा रु ८००००० र छपाइ तथा सूचना प्रकाशनमा रु ११३७३०६ र अन्य कार्यालय संचालनतर्फ रु २०००००० खर्च लेखेको छ । पाम्स लागू भएको देखिएपनि माग फारम खरिद आदेश र जिन्सी दाखिला लगायत माप्समा प्रविष्टि गरेको देखिदैन भने म्यानुअल दाखिला प्रविष्टि गरेकोमापनि मिति र नम्वर उल्लेख भएको नदेखिएकोले खरिद गरिएको र सामाग्री कार्यालयले प्राप्त गरेको भनी एकिन गर्ने आधार भएन। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी लागत अनुमान तायारगरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्ने र माप्सको पूर्णरुपमा कार्यान्वयन गर्नेतर्फ कार्यालयले ध्यान दिनु जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ । | |
| ३१.२ | | | पुस्तक तथा सामाग्री: पालिकाले यसवर्ष पुस्तक तथा सामाग्री खरिद शिर्षकमा रु २७४२०५ खर्च लेखेको छ। खरिद गरिएको सामाग्रीको जिन्सी अभिलेख मलेप फाराम 401-406 अनुसार राखिएको देखिदैन भने भौतिक परीक्षण मलेप फाराम ४११ मा समेत अभिलेख राखेको देखिदैन। कतिपय अन्य शिर्षकको खर्च समेत यस शिर्षकवाट भुक्तानी गरेको छ।अत कार्यालयले विभिन्न पुस्तक तथा सामाग्री खरिद गर्दा सार्वजनिक खरिद कानुनको पालना गरी जिन्सी अभिलेख व्यवस्थित गर्नु पर्दछ र खर्चगर्दा मित्तव्ययिता अपनाउनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१.३ | ३१३ | २०७७-९-१३ | **दाखिला प्रतिवेदन पेश हुनुपर्नेः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले क्वारेन्टाइन र आइसोलेसनको निमित्त विभिन्न इलेक्ट्रिक जगलगायतको सामाग्री खरिद वापत कपुर ट्रेडर्सलाई रु ७५५९० भुक्तानी गरेकोमा दाखिला प्रतिवेदन तथा जिन्सी श्रेस्तामा प्रविष्टि गरेको देखिदैन। अत खरिद गरेको सामाग्रीको दाखिला प्रतिवेदन तथा जिन्सी श्रेस्तामा प्रविष्टि गरेको प्रमाण पेश हुनुपर्ने रु | ७५,५९० |
| ३१.४ | विभिन्न | | **प्रमाण पेश हुनुपर्नेः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले विभिन्न सामाग्री खरिदवापत भुक्तानी गरेकोमा कैफियतमा उल्लेखित प्रमाण संलग्न नभएकोले पेशहुनुपर्ने | ३,१९२,१३० |

| गोभौ न र मिति | आपूर्तक | खरिद सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|
| १०८३।०३।१५ | कविता वस्नेत | ल्यापटप खरिद | ५५३७० | वडाले सोझै खरिद तथा दाखिला प्रतिवेदन पेश हुनुपर्ने |
| १०९६।०३।१६ | निरभाना गारमेट | मास्क र न्यानो लुगा | ४९९६३४ | वितरणको भरपाई पेशहुनुपर्ने |
| १३४८।०३।२४ | विभिन्न आपूर्तक | डेस्कटप क्यानन फोटोकपी मेशिन लगायत | ३५०००० | लागत अनुमान तथा दाखिला पेशहुनुपर्ने |
| १३९३।०३।२४ | आर इन्टरप्राइजेज | खेलकुद सामाग्री खरिद | १४२३८० | दाखिला र वितरणको भरपाई पेशहुनुपर्ने |
| १४३०।०३।२५ | संगम पत्रपत्रिका | खेलकुद सामाग्री वाड न १ | ३०००० | दाखिला र हस्तान्तरण फारम पेशहुनुपर्ने |
| १४७५।०३।२६ | न्यु सफलता पुस्तक पसल | शिक्षा खेलकुद सामाग्री | ४९९९९९ | टुक्रा खरिद तथा दाखिला र हस्तान्तरण फारम पेशहुनुपर्ने |
| १६९१।०३।३१ | रिमा डेभलपमेन्ट | राजपत्र प्रकासन तथा अभिलेखिकरणसम्वन्धी कार्य | २७८२५० | भ्याट विल तथा प्रतिवेदन पेशहुनुपर्ने |
| १७३०।०३।३१ | चन्द्र नारायण यादव | स्वास्थ्य चौकी व्यवस्थापन सामाग्री | २००००० | विल भरपाई पेशहुनुपर्ने |
| | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७०।०७७।०७।०४ | संतोष चिया नास्ता खाना पसल | क्वारेन्टाएन व्यवस्थापनमा खाना नास्ता खर्च | ७३००५० | क्वारेन्टाइनमा रहेका विरामीको रजिष्टर तथा दररेट निर्धारणको आधार पेशहुनुपर्ने | |
| | | | १५८३।०७८।०३।३० | खान भेराइटी स्टोर्स | विधालयको निम्ति १४ थान एलइडी टिभी खरिद | ४०६४४७ | लागत अनुमान दाखिला प्रतिवेदन एवम विधालयले टिभी वुझेको भरपाई पेशहुनुपर्ने | |
| | | | | | जम्मा | ३१९२१३० | | |
| ३१.५ | | | **वडा संचालन खर्चः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।पालिकाले वडासंचालन खर्च वापत १२ वडामा इन्धन मसलन्द अतिथि सत्कार लगायत विविध खर्चवापतको रकम भुक्तानी गरेको देखिन्छ। यसरी पेशभएका केही विल भरपाईमा विलमा मिति तथा नाम नलेखिएको, प्रयोजन नखुलेका र कार्यक्रम भएको एकिन गर्ने प्रमाण वेगरनै खर्च गरेको देखिन्छ। कतिपय खर्चहरु कार्यालयले वडा कार्यालयको नाममा निकासा दिने र वडावाटै सोझै भुक्तानी दिने गरेको समेत देखियो।वडामा लेखाको कर्मचारीको दरवन्दीनै नरहेको अवस्थामा समेत वडा कार्यालयको अध्यक्ष र वडासचिवलगायतको नाममा खाता संचालन भएको देखिन्छ। वर्षान्तमा वडा कार्यालयको खातामा केकति रकम रहेको वैक स्टेटमेन्ट समेत पेश हनु सकेन।अत वडाको मौज्दात रकम तत्काल कार्यालयको खातामा जम्मागरी लेखाको दरवन्दीनै नरहेको वडा कार्यालयमा अलग्गै खाता खोल्ने कार्य रोकिनुपर्दछ भने वडामा नगरपालिकाले समेत सामाग्री खरिद गरी हस्तान्तरण गरेको देखिएकोले दोहोरो नपरेको भनी सुनिस्चित गरिनुपर्दछ। | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३१.६</td><td>१०४२</td><td>२०७८-३-११</td><td>नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाबाट देहायको फर्मलाई मू.अ.कर रु. ५७४६० समेत रु. ४९९४६० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु
<table>
<tr><th>गोभौ न र मिति</th><th>आपुर्तक</th><th>सामाग्री</th><th>करयोग्य मुल्य</th><th>मुअकर</th><th>मुअकर भुक्तानी</th><th>ननफाइलर</th></tr>
<tr><td>१०४२।०३।११</td><td>ग्लोवल एण्जेल</td><td>ल्यापटप तथा डेस्कटप लागत अनुमान वेगर खरिद</td><td>४४२०००</td><td>५७४६०</td><td>४०२२२</td><td>०७७।१०</td></tr>
</table></td><td>४०,२२२</td></tr>
<tr><td>३२</td><td>१२१३</td><td>२०७८-३-२०</td><td>वृक्षारोपण कार्यक्रम<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नगरपालिकाको वाड न ६ ले वृक्षारोपण गरेकोभनी कर्मचारी मिरा भट्टराईलाई रु ५० हजार भुक्तानी गरेकोछ। वृक्षारोपण गरेको तस्विरमा ६ जना कामदारलेमात्र कार्य गरेको देखिएपनि १२ जनाको ७ दिनको डोरहाजिरको आधारमा रु ६०० कादरले ५०१००को हाजिर राखी रु ५०००० नगद भुक्तानी गरेको देखिएको र वृक्षारोपण कार्यको निमित्त खरिद गरिएको विरुवाको विलसमेत उपलव्ध हुननसकेकोले वृक्षारोपणनै भएको र रु ५० हाजरनै ज्याला भुक्तानी भएकोभनी एकिन गर्न सकिएन।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>अनुगमन तथा भ्रमण खर्च</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.१ | | | **भ्रमण अभिलेख एवं प्रतिबेदनः** भ्रमण खर्च नियमावली, २०६४ अनुसार आफू कार्यरत क्षेत्रभित्र भ्रमण गर्दा दैनिक भ्रमण भत्ता नपाउने तथा एकै दिन गएर फर्किन सक्ने ठाउमा खाजा खर्च वापत दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम दिन सकिने उल्लेख छ । नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची–६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । कार्यालयले विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेकोभनी रु १४००००० भ्रमण खर्च लेखेकोमा भ्रमण अभिलेख व्यवस्थित राखेको छैन ।, सरुवा तथा भ्रमण भत्ता एकमुष्ट भ्रमण प्रतिबेदन बेगर तेरिज तयार नगरी खर्च लेखेको, एकै दिन गएर फर्कन सक्ने स्थान राजविराजलगायतकोसमेत दैनिक भ्रमण भत्ता भुक्तानी गरेको नियमित देखिएन ।कतिपय भ्रमण आदेश र भ्रमण विलमा भ्रमणगर्ने र स्वीकृतगर्ने कर्मचारीको हस्ताक्षर नभएको एवम वर्षको सुरुवातका भ्रमण विलसमेत अन्त्यतिर पेशगरी नियमित मान्न सकिएन। नियमाबलीमा उल्लेख भएबमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेरमात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ३३.२ | | २०७८-९-२२ | **दोहोरो यातायात भत्ता भुक्तानी असुल हुनुपर्नेः** प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐनको अनुसूचिको ख मा पदाधिकारीको वैठक भत्ता यातायात सुविधा तथा इन्धन सुविधा लगायतको व्यवस्था गरेको छ।नगरपालिकाले नगर उपप्रमुख तथा वडाअध्यक्षलाई यातायता सुविधा वापत मासिक सुविधा तथा सुविधा नलिने वडाअध्यक्षलाई प्रयोगको निमित्त मोटरसाइकल उपलव्ध गराएको देखिन्छ। यातायात सुविधा उपलव्ध गराएको अवस्थामा समेत पालिकाले संचालन गरेका विभिन्न कार्यक्रममा थप यातायत भत्ता वितरण गरेकोले दोहोरो पर्न गएको छ। नमुना परीक्षण गर्दा ३४०।०७७।०९।२२ मा नगरपालिकाले संचालन गरेको लैगिक हिंसा कार्यक्रममा समेत १ नगर उपप्रमुख र १० वडाअध्यक्षले रु ५०० कादरले जम्मा रु ५५०० यातायत भत्ता भुक्तानी गरेकोले दोहोरो परेको यातायात भत्ता असुल हुनुपर्ने रु | ५,५०० |
| ३३.३ | | | **पदाधिकारीको दोहोरो अनुगमन भत्ताः**प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐनको अनुसूचिको ख मा पदाधिकारीको अनुगमन भत्ताको व्यवस्था गरेको छ।अनुगमन प्रतिवेदन संलग्न गरी मासिक वढीमा ३ पटकसम्मको अनुगमन भत्ता उपलव्ध गराउन सकिने व्यवस्था रहेकोछ। तर नगरपालिकाले मासिक सुविधामानै संलग्नगरी ३ पटकको अधिकतम सीमाको अनुमगन भत्ता भुक्तानी गरेकोमा पून योजना अनुगमन गरेकोभनी देहायको अनुगमन भत्ता असुल हुनुपर्ने रु<br>·७०५।०७७।१२।०४ नगर प्रमुख उपप्रमुखले ४६ देखि ६२ दिनसम्म तथा वाड न ४ वाहेकका ११ वडाअध्यक्षले १ देखि १० दिनसम्म तथा ३ कर्मचारीले ४ देखि ६२ दिनसम्म रु ५४४००० अनुगमन भत्ता लिएकोले दोहोरो परेकोहुदा करकटी गरीअसुल हुनुपर्ने रु ५४४०००<br>·१३६४।०३।२४ मा नगरप्रमुख र उपप्रमुखले ४५ दिनको रु २००० कादरले जम्मा रु १८०००० तथा १२ वटैवडाको वडाध्यक्षले ५ देखि १७ दिनसम्मको रु १०९००० अनुगमन भत्ता लिएकोले दोहोरो परेको हुदा करकटी गरी असुल हुनुपर्ने रु १०९००० | ६५३,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३.४ | १३६४ | २०७८-३-२४ | नगरपालिकाले विभिन्न योजनाको अनुमगन गरेकोभनी प्रमुख प्रशासकिय अधिकृतसहित अन्य २५ कर्मचारीको ५ देखि ४५ दिनसम्मको अनुगमन भत्तावापत रु ७१७००० भुक्तानी गरेकोमा अनुगमन प्रतिवेदनसंलग्न देखिदैन।अतः नगरपालिका भित्रको योजना अनुगमन गरेको अनुगमन प्रतिवेदन तथा अनुगमन भत्ता उपलव्ध गराउने आधार पेश हुनुपर्ने रु | ७१७,००० |
| ३४ | | | **नगरपालिका चालुतर्फका शिक्षाका केही कार्यक्रम** | |
| ३४.१ | १३४४ | २०७८-३-२४ | **शिक्षक डायरी छपाईः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले सनग्राफिक्स ६ ५०० थान शिक्षक डायरी छपाई गरेकोभनी रु २०३४०० भुक्तानी गरेको देखियो। छपाई गरेको डायरीको दाखिला र वितरण गरेको भरपाई उपलव्ध हुन सकेन। अत उल्लेखित डायरीको दाखिला प्रतिवेदन र वितरणको भरपाई पेश हुनुपर्ने रु २०३४०० | २०३,४०० |
| ३४.२ | १६९१ | २०७८-३-३१ | वालविकास सहजकर्तालाई स्थानिय भत्ताः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले २६ विधालयमा ४२ वालविकास सहजकर्तालाई छुटस्थानिय भत्ताभनी रु १००८००० निकासा गरेको छ। कुन अवधिको केकति छुटेको के वापतको स्थानिय भत्ता भुक्तानी गरेको सम्वन्धमा आधार र कच्चेवारी संलग्न छैन भने मलेपफान २२१ समेत प्रमाणित नगरी अघिल्लो वर्षको निकासा गरेको देखिन्छ। अत स्थानिय भत्ताको विवरण सहितको कच्चेवारी तथा भत्ता वितरणको आधार पेश हुनुपर्ने एवम मलेपफान २२१ वेगरको गत आवको भुक्तानी गरेको भत्ता नियमिति नभएको रु | १,००८,००० |
| ३५ | १६२१ | २०७८-३-२१ | **वैठक भत्ता**<br>घरनक्सा फाटको राजश्व सम्वन्धी कार्ययोजना वनाउन वैठक भत्ताः अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका २०७५को परिच्छेद ७ खर्चको मापदण्ड सम्वन्धी निर्णय तथा कार्यविधि को ७।१।१ मा वैठक भत्ताको मापदण्डको सम्वन्धमा व्यवस्था गरेको छ। कार्यालय समय अघि वा पछी भएको वैठकमा मात्र भत्ता पाउने व्यवस्था छ भने एउटै निकाय र अन्तगर्तका पदाधिकारी तथा कर्मचारी मात्र वस्ने वैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था छ।नगरपालिकाको २०७८।०१।०३ देखि ०३।१८ सम्म घरनक्सा फाटको राजश्व सम्वन्धी विभिन्न कार्ययोजना वनाउन वैठक वसेको समयसमेत उल्लेखनगरी कार्यालयमा कार्यालयको कर्मचारीवसी कार्ययोजना वनाउन वैठक वसेको भनी १ देखि ७ दिनको १४ जनाको र २ दिनको १५ जनको रु १००० कादरले जम्मा रु ११७००० भत्ता भुक्तानी गरेकोछ। कार्यालयको नियमित कार्यको निमित्त कर्मचारी कार्यालयमा वसी कार्यगर्ने क्रममा वैठक वसेको तथा वैठकको माइन्युटसमेत संलग्न नगरी भुक्तानी गरेको देखिएकोले वैठकको माइन्युट तथा भत्ता भुक्तानीको आधार पेश हुनुपर्ने रु | ११७,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३६</td><td></td><td></td><td>सल्लाहकार</td><td></td></tr>
<tr><td>३६.१</td><td></td><td></td><td>प्रदेश २ अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐनमा प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगरपालिकाले निम्नाअनुसार सल्लाहकार राखी मासिक परामर्श सेवा भुक्तानी गरेको नियमित नभएको रु देखियो। साथै कानुनी सल्लाहकार श्री ललितेश्वर प्रसादको भुक्तानीमा १५ प्रतिशत करकटी गर्नुपर्नेमा १ प्रतिशतमात्र करकटी गरेकोले नपुग कर असुल गरी राजश्व दाखिला हुनुपर्ने रु
<table>
<tr><th>सल्लाहकारको नाम</th><th>कार्य</th><th>मासिक रकम</th><th>वार्षिक</th><th>नपुग १४ प्रतिशत कर रु</th></tr>
<tr><td>ललितेश्वर प्रसाद</td><td>कानुनी सल्लाहकार</td><td>१५०००</td><td>१८००००</td><td>२५२००</td></tr>
<tr><td>खिलानाथ पोखरेल</td><td>सल्लाहकार</td><td>२००००</td><td>२४००००</td><td>३३६००</td></tr>
<tr><td>उत्तम आचार्य</td><td>प्रेस सल्लाहकार</td><td>७०००</td><td>८४०००</td><td>१५ प्रतिशतनै करकटी गरेको</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४२०००</td><td>५०४०००</td><td>५८८००</td></tr>
</table></td><td>४४५,२००</td></tr>
<tr><td>३६.२</td><td></td><td></td><td>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ ।उल्लेखित सल्लाहकार सेवामा मुअकरमा दर्ता नभएको अवस्थामा १५ प्रतिशत करकरटी गर्नुपर्नेमा १ प्रतिशतमात्र करकटी गरेकोले देहाय वमोजिमको १४ प्रतिशत कर असुलगरी राजश्व दाखिला हुनुपर्ने रु
<table>
<tr><th>सल्लाहकारको नाम</th><th>कार्य</th><th>मासिक रकम</th><th>वार्षिक</th><th>नपुग १४ प्रतिशत कर रु</th></tr>
<tr><td>ललितेश्वर प्रसाद</td><td>कानुनी सल्लाहकार</td><td>१५०००</td><td>१८००००</td><td>२५२००</td></tr>
<tr><td>खिलानाथ पोखरेल</td><td>सल्लाहकार</td><td>२००००</td><td>२४००००</td><td>३३६००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४२०००</td><td>५०४०००</td><td>५८८००</td></tr>
</table></td><td>५८,८००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | २०७८-१०-१२ | **कर्मचारी करार**<br>स्थानीयसरकारसञ्चालनऐन, २०७४ कोदफा ८३मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्य बोझको विश्लेषणगरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी र सेवाकरारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नु पर्नेरअस्थायी दरबन्दी सृजना गर्न नहुने व्यवस्था छ। पालिकाले यसवर्षक करार सेवा शुल्कवापत रु १०५५१७९२ खर्च लेखेकोमा पालिकालेविभिन्न पदमा के कति जना करारमा राखी काम गराएको सम्वन्धमा विवरण तयार गरेको देखिदैन। करारको कर्मचारीको सम्झोता म्याद थप छनोट प्रकृया लगायतका कागजात पेश हुन नसकोले आवश्यक भन्दा बढी र सम्झौता नगरी कर्मचारी करारमा राखे नराखेको एकिन गर्न सकिएन। यस वर्ष अमिन सामाजिक परिचालक नगरप्रहरी चालक सहचालक कार्यालय सहयोगी तथा प्राथमिक स्वास्थ्य केन्द्रको स्वास्थ्य कर्मचारी लगायतलाई करारमा भर्ना गरेकोमा केकति आवेदन परेको तथा के कति उमेदवार चरणवद्दरुपमा अन्तिम चरणमा प्रवेश गरेको र छनोट विधिलगायतको प्रमाण संलग्न नभएकोले एकिन गर्ने आधार रहेन।पालिकाले प्रतिस्पर्धात्मक र पारदर्शीतवरले सार्वजिनक खरिद ऐन तथा नियमावली वमोजिम करारमा कर्मचारी भर्ना गर्नुपर्दछ। | |
| ३८ | ३१३ | २०७८-९-१३ | **राजश्व संकलनगरेवापत ज्याला भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले खोलामा वालुवा विक्रीको रसिद काटने कार्य गरेवापत भनी विभिन्न व्यक्तिलाई अमानतमा कार्य गराई रु ८९५४७ भुक्तानी गरेको देखियो।राजश्व असुलीको १० प्रतिशत भुक्तानी दिने कार्यपालिकाको निर्णय वमोजिम भुक्तानी दिएको भनिएपनि यसससम्वधमा अलग्गै सम्झौता भएको देखिएन भने राजश्व असुलीको प्रमाणसमेत संलग्न नभएकोले एकिन गर्ने आधार रहेन। | |

| क्रमसंख्या | अमानतमा कार्यगर्ने व्यक्ति | भुक्तानी रकम |
|---|---|---|
| १ | जगदेव यादव | ७२५२७ |
| २ | वादल खड्का | ३१२० |
| ३ | नजिर मिया | १३९०० |
| जम्मा | | ८९५४७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **तरकारीको विउ वितरण** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९.१ | | | **तरकारी विज वितरणः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ। नगरपालिकाले १६९७।०३।३१ वाट रु ८०८०६० को विभिन्न तरकारीका विजहरु र १७१२।०३।३१ वाट रु ८३३५०० को गहुको विज ३ कोटेशनको आधारमा सोनाई विज भण्डारवाट खरिद गरेको नियमिति मान्न सकिएन। खरिद गरेको तरकारी तथा गहुको विउको दाखिला गरेको प्रतिवेदन र वितरणको भरपाई पेश हुन सकेन।साथै सार्वजनिक सम्पतिको प्रयोग र वितरण गर्दा प्रतिस्पर्धात्मक एवम पारदर्शी ढंगले गर्नुपर्नेमा तरकारीको विज वितरणको निमित्त सार्वजनिक सुचना प्रकासन तथा प्रसारण गरेको प्रमाण पेश नभएकोले कृषक छनोटको आधारसमेत एकिन हुन सकेन।अत दाखिला प्रतिवेदन तथा वितरणको भरपाई पेश गरी टुक्रागरी खरिद गरेको नियमिति हुनुपर्ने रु | १,६४१,५६० |
| ३९.२ | १६७२ | २०७८-३-३० | **तरकारीको विउ वितरणः**आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाको वाड न ९ मा उन्नत जातको विउ वितरण गर्न भनि खरिद गरेको रु १८३८९४ को १८५० केजी धानुको मुल विउ तथा काउली वन्दा खुर्शानी मुला रायो लगायतको विउ वितरण गरेकोभनी भरपाई संलग्न भएको देखियो। संलग्न भरपाईमा धानको विउ वितरणको परिमाण खुलेपनि अन्य कुनै तरकारीको विउ वितरणगर्दा केकतिमात्रामा वितरण गरेको नखुलाई ३२ जनालाई वितरण गरेको देखियो। यसरी खरिद गरेको विउ वितरण गर्दा परिमाण नखुलेकोले सवै तरकारीको विउ वितरण गरेकोभनी एकिन गर्न सकिएन। वितरण गर्दा हरेक सामाग्रीको परिमाण र समाग्रीको विवरण खुल्नेगरी भरपाई पेश हुनुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | १३२८ | २०७८-३-२३ | **वोयरजातको वोका खरिद**<br>**वोयर जातको बोका खरिदः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष नगरपालिका चालु अन्तगर्त वोका खरिदगर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ सोझै अधेरी कृषि फर्मवाट १३ वोकाको रु ७८१०० कादरले जम्मा रु १०१५३०० विल संलग्न गरी रु १० लाख भुक्तानी गरेकोछ।१०० प्रतिशत अनुदानमा १२ वाडमा १२ वटा र वाड न ५ मा थप १ वटा वोका वितरण गरेको भनिएपनि खरिद गरिएको वोका वयर वोकानै रहेको तथा प्रस्ताव वमोजिमकै गुणस्तर र जातको भएको एकिन गरिएको प्रमाण भेटिएन। खरिद गरिएको वोकाको मुल्य वरावरको रकमको विमा गर्नुपर्नेमा बिमा गरेको देखिएन।वोकाहरु शारिरीक रुपमा स्वस्थ्य भए नभएको पशु चिकित्सकबाट जाँचबुझ गराई सोको आधारमा स्वस्थ बोकाहरु मात्र खरिद गर्नुपर्नेमा स्वास्थ्य परीक्षणनै गराएको देखिएन। कार्यालयले कार्यक्रम संचालन गर्नुपूर्व कृषकस्तरमा सूचना प्रवाह गरी पर्न आएको आवेदनवाट कृषक छनौट गरी बोका वितरण गर्नुपर्नेमा कृषकको माग तथा छनौटको आधार तयार नगरी बोका खरिद गरेको देखियो। वितरण गरिएको कृषकको सम्पर्क नम्वर समेत नखुलेकोले र टयाग समेत उल्लेख नगरेकोले वोकाको भरपाईमा संलग्नले वोका वुझेकोसम्वन्धमा एकिन गर्न सकिएन। वितरण गरिएको वोका २ वर्षसम्म विक्री वितरण गर्न नपाउने उल्लेख भएपनि समयसमयमा अनुमगन गरेको नदेखिएकोले वोकाको स्वास्थ्य अवस्था लगातय विक्री वितरण गरेको सम्वन्धमा सत्यता एकिन गर्ने आधार भएन। लागत अनुमानसमेत तयार नगरी सोझै खरिद गरेको तथा जात र तौलसमेत नखुलाई भरपाई संलग्न गरेको एवम वितरण गरेको वोकामा टयाग समेत उल्लेख नगरेकोले पालिकाले यससम्वन्धमा वृस्तित अनुगमन गरी भएको खर्च तथा वितरण गरेको वास्तविक संख्या र वितरणको छनोटको आधारसहितको अनुगमन प्रतिवेदन पेश हुनुपर्ने रु | १,०००,००० |
| ४१ | १३३८ | २०७८-३-४ | **सफ्टवेयर खरिद**<br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । नगरपालिकाले शैक्षिक अभिलेख व्यवस्थापन सफ्टवेयर तथा इहाजिरी सम्वन्धी सफ्टवेयर खरिद गरेकोभनी इडिजिटल नेपाल प्रा लिलाई रु ९९७७९० भुक्तानी गरेको छ। खरिद गरेको दुवै सफ्टवेयर लागत सूचना तथा प्रविधि विभागबाट स्वीकृतसमेत लिएको देखिएन । कार्यसम्पन्नमा समेत के कति विधालयमा सफ्टवेयर जडान गर्नुपर्नेमा कति विधालयमा जडान भएको भन्ने व्यहोरा खुलेको देखिएन। विधालयले समेत सफ्टवेयर जडान गरेको भनी पत्र पेश गरेको देखिएन। अत सफ्टवेयर जडान गरेको भनी विधालयको पत्र पेश हुनुपर्ने रु | ९९७,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **सावुन वितरण**<br><br>**सावुन वितरणः**सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले जयन्ती ट्रेडर्सवाट ७२ कार्टुन सावुन प्रतिकार्टुन रु ३८७०।७१ कादरले जम्मा रु २७८६९१।३६ को र राथी इलेक्ट्रिकवाट लेडवल्व स्विचलगायतको सामाग्री रु ९९८३३।५२ मा खरिद गरेको देखियो।यसैगरी १७३४।०३।३१ मा जयन्ट ट्रेडर्सवाट १२७ कार्टुन सावुन रु ४९१५८०।५९ मा पुनखरिद गरेकोले टुक्रापारी खरिद गरेको देखियो।कोभिडको समयमा खरिद गरेको भनिएपनि सावुन दाखिला गरेको तथा वितरणको भरपाई संलग्न गरेको नदेखिएकोले यससम्वन्धी एकिन गर्न सकिएन। सामाग्रीको जिन्सी दाखिला गरी वितरणको अभिलेख राखिनु पर्दछ। | |
| ४३ | | | **विविध कार्यक्रम खर्च** | |
| ४३.१ | | | **विविध खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले तहले यो वर्ष विविधतर्फमात्रै रु ४१७५८९८ खर्च गरेको छ । के कस्तो कार्यक्रममा के कति सहभागी भएको र केकति खाना खाजा तथा चियालगायतमा खर्च भएको खर्चको कच्चेवारी वनाएको देखिएन। खर्चलेखेका कतिपय विलहरुमा मिति र प्रयोजनसमेत खुलेको देखिदैन। केहीमा एकै होटलका प्यानविल संलग्नगरी एकमुष्ट भुक्तानी गरेको देखिन्छ। अत मित्तव्ययी तवरलेनै विविधखर्च भएको भनी एकिन गर्ने आधार भएन।सार्वजनिक कोषवाट खर्चगर्दा प्रचलित खर्चको मापदण्डको आधारमा मित्तव्ययीतवरले खर्चगर्नु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४३.२ | ८८९ | २०७८-१-१७ | **वहुक्षेत्रिय पोषण तथा सुनौलो हजार दिन सचेतना कार्यक्रमः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाको वाड न ११ ले संचालन गरेको वहुक्षेत्रिय पोषण तथा सुनौलो हजार दिन सचेतना कार्यक्रममा २५४ केजी डेरी घिउ ३० प्याकेट तरकारीको विउ एवम ६० लिटर खानेतेल लगायतको पोषण सामाग्री खरिद गरी वितरण गरेको भनी वितरणको भरपाई संलग्न गरेको देखियो।३० जनालाई पोषण सामाग्रीको झोला वितरण गरेको भरपाई पेश भएकोमा पोषण झोलामा केकति सामाग्री संलग्न भएको र वितरण गरेको विवरण खुलेको देखिदैन भने कार्यक्रम सम्पन्न भएको प्रतिवेदनसमेत पेश भएकोछैन।यसरी कार्यालयले पोषण सामाग्री लगायत अन्यमा रु १ लाख ५० हजार खर्च भएकोमा खरिद गरेको पोषणसामाग्री पोषण झोलामा संलग्न गरी वितरण गरेको र कार्यसम्पन्न भएको एकिन गर्नु पर्दछ। | |
| ४४ | | | **विविध कार्यक्रम खर्च** | |
| ४४.१ | | | **कार्यक्रम विपरित पेश्कीः** कंचनपुर शहरी खानेपानी तथा सरसफाई उपभोक्तासंस्थालाई शहरी खानेपानी सम्वन्धी दुई पक्षिय सम्झौत गर्न कुल लागतको ५ प्रतिशत धरौटी रकम नगरपालिकावाट सापटी दिन २०७७।०३।२९ को नगरसभावाट सापटी सोधभर्ना हुनेगरी स्वीकृत गरेको देखियो। नगरपालिका र उपभोक्तासंस्थाविच मिति २०७७।०७।०४ मा सापटी दिने सम्झौता भएको देखियो। सम्झौता अनुसार ५ प्रतिशत धरौटी रकम रु ५० लाख उपभोक्ता संस्थालाई पेश्की उपलव्ध गराएको भनिएपनि तेस्रा साना सहरी खानेपानी तथा सरसफाई योजनासंग सम्वन्धित सम्झौता फाइल पेश हुन सकेन। सम्झौता अनुसार पेश्की रकम धरौटीको रुपमा प्रयोग गर्ने र अन्यमा खर्च गर्न नपाइने व्यवस्था रहेपनि सो अनुसार खर्च गरेको प्रमाण पेश हुन सकेन।सम्झौताको दफा ५ मा उपभोक्ता सस्थाले मासिक रुपमा कार्यप्रगति प्रतिवेदन तथा चौमासिक रुपमा आर्थिक प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था रहेकोमा हालसम्म उल्लेखित प्रगित प्रतिवेदन पेश भएको देखिदैन।अत नगरपालिकाले आफ्ना योजना र कार्यक्रममा खर्च गर्नुपऔर्ने रकम अन्य संस्थालाई पेश्कीको रुपमा उपलव्ध गराएकोमा हालसम्मपनि केकस्तो अपेक्षित प्रगित भएको सम्झौता वमोजिमको प्रगति प्रतिवेदन र ५ प्रतिशत धरौटी रकम खुल्ने प्रमाण पेशहुनुपर्ने रु | ५,०००,००० |
| ४४.२ | | | ह्युमपाइप खरिदः सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को (ख )र (ग ) खरिद सम्झौता अनुसार सार्वजिनक निकायले रनिग विल वा अन्य कुनै विल वीजकको भुक्तानी गर्दा करारका शर्त वोजिम प्राविधिक नाप जाच गरी नापीकितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्न सकिने व्यवस्थाछ। नगरपालिकाले २२९।०७७।०८।१० मा विभिन्न साइजका ३२ थान ७४२।०७७।१२।१० मा ८ थान तथा १५३३।०३।२७ मा ८ थान ह्युम पाइप खरिद गरेकोभनी वराह कंक्रिटस उधोगलाई क्रमश रु ३४२०३०, रु ९४६९४ र रु ५०००० भुक्तानी गरेको छ। लागत अनुमाननै तयार नगरी खरिद गरेको ह्युम पाइपको कार्यसम्पन्न तयार गरेपनि कार्यसम्पन्नमा मिति र प्रयोगको अवस्था खुलेको देखिदैनभने नापी कितावसमेत तयार गरेको देखिएन। अत खरिद गरिएको ह्युम पाइपको हालको प्रयोगको अवस्था खुल्ने प्रमाण पेशहुनुपर्ने रु | ४८६,७४२ |
| ४४.३ | ५६९ | २०७७-११-६ | | ८२०,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

**न्यायिक समितिको वैठक भत्ताः** प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐनको अनुसूचिको ख मा पदाधिकारीको वैठक भत्ताको व्यवस्था गरेको छ। नगरपालिकाले वडा समितिको वैठक वसेकोभनी मासिक रुपमा ३ पटकको वैठक भत्ता भुक्तानी गरेको देखिन्छ। तर उल्लखित सुविधा वापतको भुक्तानी उपलव्ध गराएपस्चातपनि विभिन्न समयमा न्यायिक समितिको वैठकमा सहभागी भएकोभनी न्यायिक समितिका पदाधिकारीलाई अलग्गै वैठक भत्ता भुक्तानी गरेको छ। यसैगरी कार्यालयको कामको निमित्त कार्यालयसमयमै कार्यालयका कर्मचारी र पदाधिकारी वसेको वैठकमा कर्मचारीले अलग्गै वैठक भत्ता लिएको पाइयो। मासिक ३ पटकको अधिकतम सिमाको वैठक भत्ता तथासुविधा लिएको र न्यायिक समितिको कार्यविधिमा समेत अलग्गै भत्ता उपलव्ध गराउने व्यवस्था नरहेको अवस्थामा समेत न्यायिक समितिले एवम कार्यालयको नियमित कार्यमा वाह्य प्रतिनिधिसमेत संलग्न नभएको र कार्यालय समयमा वसेको वैठकमा कर्मचारीले वैठक भत्ता लिनमिल्ने आधार पेश हुनुपर्ने रु

| क्रसं | पदाधिकारी तथा कर्मचारी | वैठकको विवरण | वढीवैठक संख्या | वैठक भत्ता दर | वढी भुक्तानी भएको वैठक भत्ता |
|---|---|---|---|---|---|
| | ५६९।०७७।११।०६ | श्रावणदेखि पुससम्मको वैठक भत्ता | | | |
| १ | नगर उपप्रमुख | जम्मा ४१ वैठकभत्तामा श्रावणदेखि पुससम्मको अधिकतम सिमा २१ वैठक | २० | १५०० | ३०००० |
| २ | वडा अध्यक्ष राम कुमार साह | वडा समिति वैठकमा मासिक ३ वैठक भत्ता भुक्तानी लिएकोले श्रावणदेखि पुससम्मको ४१ वटै वैठक भत्ता | ४१ | १५०० | ६१५०० |
| ३ | वडा सदश्ये उमाकान्त वरही | वडा समिति वैठकमा मासिक ३ वैठक भत्ता भुक्तानी लिएकोले श्रावणदेखि पुससम्मको ४१ वटै वैठक भत्ता | ४१ | १५०० | ६१५०० |
| ४ | १३ कर्मचारी | १३ कर्मचारीले न्यायिक समितिको वैठकमा सहभागी भएको ५ देखि ४१ दिनसम्म | ५ देखि ४१ दिन | १५०० | २५९५०० |
| | | जम्मा | | | ४१२५०० |
| | ११६९।०३।१८ | माघदेखि असारसम्मको वैठक भत्ता | | | |
| १ | नगर उपप्रमुख | जम्मा ४० वैठकभत्तामा माघदेखि असाढसम्म अधिकतम सिमा १८ वैठक | २२ | १५०० | ३०००० |
| २ | वडा अध्यक्ष राम | वडा समिति वैठकमा मासिक ३ वैठक भत्ता भुक्तानी लिएकोले माघदेखि असाढसम्मको | ४० | १५०० | ६०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुमार साह | २२ वैठक भत्ता | | | | |
| | | | ३ | वडा सदश्ये उमाकान्त वरही | वडा समिति वैठकमा मासिक ३ वैठक भत्ता भुक्तानी लिएकोले माघदेखि असाढसम्मको २२ वैठक भत्ता | ४० | १५०० | ६०००० | |
| | | | ४ | १२ कर्मचारी | १२ कर्मचारीले न्यायिक समितिको वैठकमा सहभागी भएको ५ देखि ४० दिनसम्म | ५ देखि ४० दिन | १५०० | २२६००० | |
| | | | ५ | १ कानुनी सल्लाहकार | न्यायिक समितिको सल्लाहकारको निमित्त अलग्गै मासिक सेवा शुल्क भुक्तानी गरेको अवस्थामा समेत वैठकभत्ता भुक्तानी गरेको | २१ | १५०० | ३१५०० | |
| | | | | | जम्मा | | | ४०७५०० | |
| | | | | | **कुल जम्मा** | | | **८२००००** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४.४</td><td></td><td></td><td>अन्य निकाय खर्च : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । कार्यालयले छुट्टै अस्तित्व र बजेट व्यवस्था भएको निकायलाई समेत निम्न अनुसार भुक्तानी गरेको रकम नियमित देखिएन । यसरी खर्च गर्दा नगरपालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्नगई कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।
<table>
<tr><th>गोभौ न र मिति</th><th>अन्य निकाय</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>८२।०७७।०७।०५</td><td>धरमपुर प्रहरी चौकी</td><td>भान्छा घर निर्माण</td><td>३७७७४९</td></tr>
<tr><td>१३८।०७७।०७।१८</td><td>सशस्त्र प्रहरी वल नेपाल दन्तकाली वरमझिया</td><td>विभिन्न सामाग्री खरिद</td><td>९८४६६</td></tr>
<tr><td>१५५१।०३।३०</td><td>जिप्रका सप्तरी</td><td>फर्निचर सामाग्री</td><td>२५००००</td></tr>
<tr><td>१६३०।०३।३०</td><td>जिल्ला समन्वय समिति</td><td>कोभिड संक्रमण नियन्त्रण</td><td>४०००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>४४.५</td><td>८८९</td><td>२०७८-१-१७</td><td>जेष्ठ नागरिक सम्मान कार्यक्रमः नगरपालिकाले जेष्ठ नागरिक सम्मान कार्यक्रम गरेवापत रु ५० हजार कर्मचारी भावना घिमिरेलाई भुक्तानी गरेको देखिन्छ। भावना घिमिरेले पेश गरेको विल भरपाईमा २४ थान थर्मस र २४ थान दोसल्ला लगायतको सामाग्री खरिदकोमा १७ जेष्ठ नागरिकलेमात्र वुझेको भरपाई पेश भएकोछ। वितरण नगरिएको ७ थान थर्मस र ७ थान दोसल्ला वितरणनै नगरी हालसम्मपनि मौज्दातनै रहेको देखियो।यसरी आवस्यक्ताभन्दा वढी सामाग्री खरिद गरी मौज्दात राख्ने प्रवृति नियन्त्रण गरिनुपर्दछ। यथार्थ परकढंगले लागत अनुमान तयार गरी मित्तव्ययीतवरले कार्यक्रम सम्पन्न गरिनुपर्दछ।</td><td></td></tr>
<tr><td>४५</td><td></td><td></td><td>बढि दर<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको अधारमा तयार गर्नु पर्ने व्यवस्था छ । जिल्ला दररेट निर्धारण समितिले यस जिल्लाको लागि यो बर्ष अदक्ष श्रमिकको ज्याला प्रति दिन रु.६००.०० निर्धारण गरिएको नगरपालिकाले सोही दररेटको आधारमा लागत अनुमान तयारी तथा मूल्याङ्कन गर्नु पर्नेमा प्रतिदिन रु.६५०.०० का दरले ज्याला राखी लागत अनुमान तथा मूल्याङ्कन गरेको छ । यसले गर्दा नगपालिकावाट संचालित सवै योजनामा</td><td>४४१,२७०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अदक्ष कामदारको ज्याला बापत बढि भुक्तानी भएको छ । बढी भुक्तानी भएको सम्वन्धमा नगरपालिकले सवै योजनाको छनाविन गरी असुल गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा नमुना छनौट गरीएका केही योजनाको केही आइटमको परीक्षण गर्दा देहाय बमोजिम बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने र | |

| गो भौ नं र मिति | योजनाको नाम | आइटम | प्रति घमी बढि भुक्तानी दर | बढि भुक्तानी रकम |
|---|---|---|---|---|
| १४।१।१७ स्थानीय पूर्वाधार | रा.प्रा.वि जमुना वाउण्ड्री वाल निर्माण | Earth work ४८.९७ घमी | ५० | २४४८ |
| १४।१।१७ स्थानीय पूर्वाधार | रा.प्रा.वि जमुना वाउण्ड्री वाल निर्माण | Brick work २७.८१ घमी | २०० | ५५६२ |
| १२।१२।१५ स्थानीय पूर्वाधार | नेवार र सरदर टोल विच ग्यावियन जाली लगाउने | Packing and filling of gabin box ८४ घमी | १५५ | १३०२० |
| १२।१२।१५ स्थानीय पूर्वाधार | नेवार र सरदर टोल विच ग्यावियन जाली लगाउने | Pcc(1:1.5:3) २७.७२ घमी | २१८.५ | ६०५६ |
| ३२।३।२३ स्थानीय पूर्वाधार | आधारभूत विधालय भवन निर्माण | Earthwork ७२ घमी | ५० | ३६०० |
| ३२।३।२३ स्थानीय पूर्वाधार | आधारभूत विधालय भवन निर्माण | Pcc(1:1.5:3) ५६.१३ घमी | २१८.५ | १२२६४ |
| ३२।३।२३ स्थानीय पूर्वाधार | आधारभूत विधालय भवन निर्माण | Brick work १९.६४ घमी | २०० | ३९२८ |
| २४।३।२२ स्थानीय पूर्वाधार | नन्दराज संग्रौला डिग्री कलेजको बाउण्ड्री वाल | Brick work २४.०५ घमी | २०० | ४८१० |
| २४।३।२२ स्थानीय पूर्वाधार | नन्दराज संग्रौला डिग्री कलेजको बाउण्ड्री वाल | Pcc(1:1.5:3) १५.५३ घमी | २१८.५ | ३३९३ |
| २४।३।२२ स्थानीय पूर्वाधार | नन्दराज संग्रौला डिग्री कलेजको बाउण्ड्री वाल | Earthwork ४५.२४ घमी | ५० | २२६२ |
| २८।३।२२ स्थानीय पूर्वाधार | पव्लीक आधारभूत विधालय भवन निर्माण | Brick work २६.८५ घमी | ५० | ५३७० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | २८।३।२२ स्थानीय पूर्वाधार | पव्लीक आधारभूत विधालय भवन निर्माण | Pcc(1:1.5:3) ३४.६२ घमी | २१८.५ | ७५६४ | |
| | | | २८।३।२२ स्थानीय पूर्वाधार | पव्लीक आधारभूत विधालय भवन निर्माण | Earthwork ४३.४६ घमी | ५० | २१७३ | |
| | | | ३४।३।२३ स्थानीय पूर्वाधार | महिला सेवा केन्द्र कन्चनरुप ८ | Pcc(1:1.5:3) १७.१० घमी | २१८.५ | ३७३६ | |
| | | | ३४।३।२३ स्थानीय पूर्वाधार | महिला सेवा केन्द्र कन्चनरुप ८ | Brick work २५ घमी | २०० | ५००० | |
| | | | प्रदेश सरकारवाट हस्तान्तरीत | शंकर मा वि पक्की भवन निर्माण | Pcc(1:1.5:3) ४७.२२ घमी | २१८.५ | १०३१७ | |
| | | | प्रदेश सरकारवाट हस्तान्तरीत | शंकर मा वि पक्की भवन निर्माण | Brick work ३९.६१ घमी | २०० | ७९२२ | |
| | | | २३।११।२ नगरपालिका पूजिगत | दिलिप रेग्मीको घर देखि माधव रेग्मीको घर सम्मको बाटो ढलान | Brick work ४६.९१ घमी | २०० | ९३८२ | |
| | | | १३५४।३।२४ नगरपालिका चालु | वडा नं ११ मा अधुरो मदरशा निर्माण | Pcc(1:1.5:3) ४७.९३ घमी | २१८.५ | १०४७२ | |
| | | | १३५४।३।२४ नगरपालिका चालु | वडा नं ११ मा अधुरो मदरशा निर्माण | Brick work ६२.३६ घमी | २०० | १२४६६ | |
| | | | २३।११।२ नगरपालिका पूजिगत | उमा मण्डलको घर देखि मेन सडक सम्म सडक ढलान | Pcc(1:1.5:3) ७९.७६ घमी | २१८.५ | १७४२७ | |
| | | | ५१।१२।२ नगरपालिका पूजिगत | रा प्रा वि जगतपुरको अधुरो वाउण्ड्री वाल निर्माण | Pcc(1:1.5:3) ८.९२ घमी | २१८.५ | १९२७ | |
| | | | ५१।१२।२ नगरपालिका पूजिगत | रा प्रा वि जगतपुरको अधुरो वाउण्ड्री वाल निर्माण | Brick work १२.५५ घमी | २०० | २५१० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | ७७।१२।१० नगरपालिका पूजिगत | वडा नं १० मा सोरीयाहीको अधुरो आर सी सी ढलान | Pcc(1:1.5:3) ४०.५० घमी | २१८.५ | ८८४९ | |
| | | | ८६।१२।११ नगरपालिका पूजिगत | अधुरो इदगाह बाउण्ड्रीवाल निर्माण | Brick work २५.९६ घमी | २०० | ५१९२ | |
| | | | ८६।१२।११ नगरपालिका पूजिगत | अधुरो इदगाह बाउण्ड्रीवाल निर्माण | Pcc(1:1.5:3) ८.६२ घमी | २१८.५ | १७७४ | |
| | | | ८६।१२।११ नगरपालिका पूजिगत | वडा नं ११ शत्रुघन साहको घर नजिक कल्भर्ट निर्माण | Brick work १७.२२ घमी | २०० | ३४४४ | |
| | | | ११७।१२।२५ नगरपालिका पूजिगत | वडा नं १ नालामा कल्भर्ट निर्माण | Pcc(1:1.5:3) ८.६२ घमी | ५६.२२ | १२३८० | |
| | | | १२३।१२।२९ नगरपालिका पूजिगत | वडा नं ११ डिहवार थान घेरावारा | Brick work १८.८१ घमी | २०० | ३७६० | |
| | | | १३८।१२।३१ नगरपालिका पूजिगत | वडा नं १ मा मस्जीदमा कम्पाउण्डवाल निर्माण | Brick work ११.८१घमी | २०० | २३६२ | |
| | | | १४४।१२।३१ नगरपालिका पूजिगत | वडा नं १ मा मदरशा कासिम उलुममा कम्पाउण्डवाल निर्माण | Brick work ४०.८९घमी | २०० | ८१७८ | |
| | | | १४४।१२।३१ नगरपालिका पूजिगत | वडा नं १ मा मदरशा कासिम उलुममा कम्पाउण्डवाल निर्माण | Pcc(1:1.5:3) १०.३५ घमी | २१८.५ | २२६१ | |
| | | | १४८।१२।३१ नगरपालिका पूजिगत | वडा नं ६ मा शत्रुघन चौधरीको घर देखिको सडकमा नाला निर्माण | Brick work २९.३३ घमी | २०० | ५८६६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १०६८।३।१३ नगरपालिका चालु | वडा नं ६ स्वास्थ्य चौकी भवन निर्माण | Pcc(1:1.5:3) ५३.०४ घमी | २१८.५ | ११५८९ | | |
| | | | | १७९।१।१५ नगरपालिका पूजिगत | वडा नं ७ मा अधुरो वृद्वश्रम निर्माण | Brick work १५.५५घमी | २०० | ३११० | | |
| | | | | १७९।१।१५ नगरपालिका पूजिगत | वडा नं ७ मा अधुरो वृद्वश्रम निर्माण | Pcc(1:1.5:3) २२.४९ घमी | २१८.५ | ४९१४ | | |
| | | | | २०३।१।१५ नगरपालिका पूजिगत | अधुरो वाल विकास भवन निर्माण | Brick work ३३.१३घमी | २०० | ६६२६ | | |
| | | | | २१४।३।८ नगरपालिका पूजिगत | वडा नं ६ अधुरो मदरशा कक्षा भवन निर्माण | Pcc(1:1.5:3) २९.७५ घमी | २१८.५ | ६५०० | | |
| | | | | २१४।३।८ नगरपालिका पूजिगत | वडा नं ६ अधुरो मदरशा कक्षा भवन निर्माण | Brick work १५.९३घमी | २०० | ३१८६ | | |
| | | | | २२९।३।१७ नगरपालिका पूजिगत | वडा नं २ मा झा टोलमा वाटो ढलान | Pcc(1:1.5:3) ६४.३४ घमी | २१८.५ | १४०२६ | | |
| | | | | २६५।३।२३ नगरपालिका पूजिगत | वडा नं ६ इदगाह निर्माण | Brick work ११.३५घमी | २०० | २२७० | | |
| | | | | २६५।३।२३ नगरपालिका पूजिगत | वडा नं ६ इदगाह निर्माण | Pcc(1:1.5: 3) ११.९५ घमी | २१८.५ | २६११ | | |
| | | | | २८५।३।२३ नगरपालिका पूजिगत | वडा नं १२ मा अधुरो सामुदायिक भवन निर्माण | Brick work २२.२१घमी | २०० | ४४४२ | | |
| | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २९८।३।२३ नगरपालिका पूजिगत | वडा नं ३ मा भगवती मन्दीर निर्माण | Pcc(1:1.5: 3) १७.८६ घमी | २१८.५ | ३९०२ | | |
| | | | | २९८।३।२३ नगरपालिका पूजिगत | वडा नं ३ मा भगवती मन्दीर निर्माण | Brick work १०.८२ घमी | २०० | ३५७२ | | |
| | | | | २९१।३।२३ नगरपालिका पूजिगत | वडा नं १० मा सहलेश थान निर्माण | Brick work १४.५६ घमी | २०० | २९१२ | | |
| | | | | २९७।३।२३ नगरपालिका पूजिगत | वडा नं ३ मा विलेक्षण सदाको घर देखि सुखि चौधरीको सम्म बाटो ढलान | Pcc(1:1.5: 3) ८४.०८ घमी | २१८.५ | १८३७१ | | |
| | | | | ३१८।३।२४ नगरपालिका पूजिगत | वडा नं ११ मा अधुरो योग भवन निर्माण | Brick work २२.५९ घमी | २०० | ४५१८ | | |
| | | | | ३४८।३।२५ नगरपालिका पूजिगत | वडा नं ४ मा स्वास्थ्य चौकी तल्ला थप | Brick work ११.९८ घमी | २०० | २३९६ | | |
| | | | | ३९४।१०।६ नगरपालिका चालु | वडा नं १२ अधुरो समुदायिक भवन निर्माण | Pcc(1:1.5: 3) ६५.१२ घमी | २१८.५ | १४२२८ | | |
| | | | | ३९४।१०।६ नगरपालिका चालु | वडा नं १२ अधुरो समुदायिक भवन निर्माण | Brick work १६.०२ घमी | २०० | ३२०४ | | |
| | | | | ३९६।१०।६ नगरपालिका चालु | श्याम सरदारको घर देखि ललाकु सरदारको घरसम्को सडक ढलान | Pcc(1:1.5: 3) १३५.७० घमी | २१८.५ | २९६५० | | |
| | | | | ३५४।३।२४ संघीय चालु | वडा नं १० झपट टरैतको घर देखि नहर सम्मको सडक | Pcc(1:1.5: 3) २१२.९१ घमी | २१८.५ | ४६५२० | | |
| | | | | ३१४।३।२४ संघीय चालु | वडा नं १० वैरवा मुख्य सडक देखि महेन्द्र महतोको घरसम्म | Pcc(1:1.5: 3) २०६.१७ घमी | २१८.५ | ४५०४८ | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | सडक | | | | |
| | | | | जम्मा | | | ४४१२७० | |
| ४६ | | | **उपभोक्ता समिति मार्फत खरिद**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यवस्था छ । यस बर्ष उपभोक्ता समिति मार्फत सँचालन गरेका योजनाहरुको लागत अनुमान, सम्झौता रकम, कार्यसम्पन्न रकम, भुक्तानी सहितको एकिकृत विवरण नगरपालिकाको योजना शाखा सँग पटक पटक माग गरेकोमा पेश गरेको छैन जसले गर्दा लेखपारिक्षण योजना बमोजिम नुमाना छनौट गर्न कठिनाइ भएको छ । सुत्रमा प्रविष्टि भएको विवरण अनुसार यस बर्ष १०८ वटा योजनामा उपभोक्ता समिति मार्फत काम गराइ रु.५९२७०६८७.१२ भुक्तानि भएको देखिन्छ । सो मध्ये नमुना छनौट गरि लेखापरिक्षण गरिएका व्यहोरा प्रतिवेदनमा समावेश गरिएको छ । स्थानिय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरेको स्थानीय तहको अधिकार क्षेत्रभित्रको विकास निर्माण कार्य गर्न नगरपालिकाले उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा निम्न छनः-<br>क) उपभोक्ता समिति गठन गर्दा गठनको लागि आम भेला हुने समय, मिति, स्थान र भेलाको विषय त्यस्तो भेला हुने मितिले कम्तीमा सात दिन अगाबै सार्वजनिक गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।<br>ख) कार्यालयले आयोजना सञ्चालन एवं कार्यान्वयनमा संलग्न उपभोक्ता समितिको अभिलेख अनुसूची १ बमोजिमको ढाँचामा व्यवस्थित गर्नुपर्नेमा गरेको छैन ।<br>ग) योजना कार्यान्वयनको लागि उपभोक्ता समिति र कार्यालय बीच अनुसूची २ बमोजिमको ढाँचामा सम्झौता गरेपनि ढाँचा अनुसारको सम्पूर्ण विवरण उल्लेख नगरी आंशिक र अपूर्ण विवरण भरी सम्झौता गरेको देखियो ।<br>घ) कुनैपनि उपभोक्ता समितिसँग आयोजना कार्यान्वयनको लागि कार्यतालिका लिएको छैन । साथै सार्वजनिक खरिद नियमावलीको प्रतिकुल हुनेगरि समयमा काम नगर्ने उपभोक्ता समितिको म्याद थप गरेको छ ।<br>ङ) उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ को बुँदा नम्बर ९ अनुसार कार्यलयले आयोजना कार्यसम्पन्न अगावै उपभोक्ता समितिका पदाधिकारीहरूलाई विभिन्न तोकिएका विषयमा अभिमुखीकरण गर्नुपर्नेमा सो समेत गरेको छैन् ।<br>च) कार्यालयले उपभोक्ता समितिलाई किस्तागत रुपमा भुक्तानी गरेको छैन । सार्वजनिक परीक्षण भनी अनुसूची ३ बमोजिमको ढाँचा आंशिकरुपमा भरी राखेको छ । उपभोक्ता समितिले अनुसूचि ४ बमोजिमको ढाँचामा सार्वजनिक गर्नुपर्ने ब्यबस्था रहेता पनि वास्तविक रुपमा सार्वजनिक भएको छ भन्ने आधार देखिएन । अनुगमन गरेकोमा प्रतिवेदनमा अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरेको छैन ।<br>छ) उपभोक्ता समितिबाट सम्झौता बमोजिम समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा त्यस्ता उपभोक्ता समितिको लगत राखी अन्य उपभोक्ता समिति मार्फत निर्माण गर्ने कार्य भएको छैन । | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ज) उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न कुनै पनि आयोजना उपभोक्तालाई हस्तान्तरण भएको छैन र उपभोक्ता समितिले उक्त आयोजनाको स्वामित्व लिई मर्मत संभार गरेको देखिएन ।<br>झ) उपभोक्ता समितिमा रहेको पदाधिकारी एकाघरका भए नभएको सम्बन्धमा एकिन गर्न कार्यालयले तीन पुस्ते खुलाई विवरण अध्यावधिक गर्नु पर्नेमा गरेको छैन । जसले गर्दा एकाघरका व्यक्ति उपभोक्ता समितिमा भए नभएको एकिन हुनसकेन ।रकम प्राप्त गर्नेको डोरहाजिर तथा अन्य खर्चको भर्पाइ गर्ने एवं ढुवानी गर्ने व्यक्तिको पहिचान खुलेको कागजात राखेको छैन ।<br>ञ) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाइ र खर्च प्रमाणीत गर्ने अन्य प्रमाण कागजात सर्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउँदा प्राविधिक मूल्याङ्कन र विल भर्पाइ सँलग्न गरेपनि प्राप्त विलको सामानको परिमाण र मूल्याङ्कनको परिमाण एक आपसमा फरक पर्न गएको छ । लागत अनुमानको तोकिएको परिमाणमा सामान खरिद नहुँदा लागत अनुमानकै आधारमा मूल्याङ्कन गर्दा निर्माण कार्यको गुणस्तरमा कमी आउने हुन्छ । तर्सथ कार्यालयले उपभोक्ता समितिलाई प्रशिक्षित समेत गराई यथार्थपरक विल भर्पाइ पेश गर्न लगाउनु पर्दछ । घटी परिमाणको सामान खरिद गरेको अवस्थामा बढी मूल्याङ्कन गरी भुक्तानी गर्ने परीपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br>ट) उपभोक्ता समिति मार्फत कार्य गराउँदा मूल्य अभिवृद्धी कर योग्य सामानमा मूल्य अभिवृद्धी कर समेत थप गरी लागत अनुमान तयार तथा मूल्याङ्कन गरी भुक्तानी गर्ने गरेको छ । कार्यालयले जिल्ला दररेटको आधारमा मूल्य अभिवृद्धी कर थप गरी भुक्तानी गर्ने तर उपभोक्ता समितिले सामान खरिद गरेको विल पेश गर्दा मूल्याङ्कनमा दिइएको मूल्य भन्दा घटी सामान खरिदको विल र सोमा मूल्य अभिवृद्धी कर थप गरेको प्रमाण पेश गर्दा समेत पुरै मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । उपभोक्ता समितिले घटी मूल्यको सामान खरिद गरी मूल्य अभिवृद्धी कर तिरेकोमा कार्यालयले जिल्ला दरकै आधारमा मूल्याङ्कन गरी भुक्तानी गर्दा बढी मूल्य अभिवृद्धी कर भुक्तानी भएको छ । लेखापरीक्षणमा सिमित समयको कारण उपभोक्ता समितिलाई बढी मूल्य अभिवृद्धी कर भुक्तानी रकम यकिन गर्न सकिएन । यस सम्बन्धमा नगरपालिकालेनै छानविन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ । यस समबन्धि उपभोक्ता समितिले पेश गरेको विलका केही उदाहरण निम्नानुसार छन | |

| सामानको विवरण | उपभोक्तालाई मूल्याङ्कन गर्दा दिएको मू.अ.कर | सामान खरिदमा तिरेको मू.अ.कर | फरक |
|---|---|---|---|
| इटा प्रति गोटा | २.०८ | १.५६ | ०.५२ |
| सिमेन्ट प्रति बोरा | १२१.५८ | ८४.५ | ३७.०५ |
| डण्डी प्रति के.जी | ११.५७ | ९.७५ | १.८२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **उपभोक्ता समिति मार्फत जटिल संरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले जटिल प्रकृतिको सामान खरिद, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यस प्रकार रहेका छन् : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| २१७।३।८ | वडा नं ३ कृषी तार पोल खरिद उ.स | वडा नं ३ कृषी तार पोल खरिद | ७७३७५५.०० |
| १८१।१०।२७ | हनुमानको मूर्ति खरिद कार्य | वडा नं १२ को हनुमानको मूर्ति खरिद कार्य | १७४१०२६.०० |
| | विधालय भवन निर्माण | शंकर मा वि ३ कोठे पक्की भवन निर्माण | २९०९०२६.०० |
| १०६८।३।१३ | स्वास्थ्य चौकी निर्माण | वडा नं ६ मा स्वास्थ्य चौकी भवन निर्माण | २०३६३४४.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **सामुदायिक भवन मन्दिर तथा अन्य सार्वजनिक प्राकृतिका भवन एवं कम्पाउण्डवाल निर्माणः**<br>सार्वजनिक निकायले सार्वजनिक स्रोत परिचालन गरी भवन लगायतका संरचना निर्माण कार्य गर्दा गाँपालिकाको जग्गा वा सार्वजनिक प्रयोजनमा रहेको जग्गामा निर्माण गर्नु पर्ने, आवश्यकता र प्राथमिकताको आधारमा योजना संचालन गर्ने र स्थानीय सरकार संचालन ऐनको दफा २४ समेतलाई ध्यान दिई योजनाको प्राथमिकीकरण गर्नु पर्नेमा नगरपालिकाले नक्सापास नगरी, जग्गा सार्वजनिक नहुदै व्यक्तिको मन्जुरीको आधारमा निर्माण गर्ने संरचनाको अत्यावश्यक भागहरुलाई वेवास्ता गरी आंशिक रुपमा योजना तयार गर्ने र त्यसैलाई सम्पन्न देखाई, आंशिक मात्र निर्माण गर्दा पछि वेवारिसे हुन सक्ने एवं आंशिक रुपमा निर्माण हुने संरचनामा क्षति पुग्न जाने अवस्थालाई ख्याल नगरेको, त्यस्ता संरचना विगतमा अन्य सरकारी एवं गैह्रसरकारी निकायको लागत सहभागितामा रहेको अवस्थामा त्यस्ता निकाय संग समन्वय गरेको अभिलेख नराखेको, भवन निर्माण जस्तो जटिल र अनुगमन गरिरहनु पर्ने एवं प्राविधिक प्रकृतिको निर्माण कार्यमा समेत उपभोक्ता समिति गठन गरी उपभोक्ता मार्फत कार्य गराएको कारण सामुदायिक भवन मन्दिर, मदरसा तथा अन्य सार्वजनिक प्रकृतिको भवन एवं कम्पाउण्डवाल निर्माण गुणस्तर छन् र प्रकृयामा पारदर्शिता छ भन्न सकिने आधार देखिएन । तसर्थ सार्वजनिक संरचना निर्माण गर्दा सार्वजनिक स्थान, नक्सा ड्रइङ्ग, डिजाइन र नक्सा पास गरी पूर्ण संरचना निर्माण हुने सुनिश्चीतता गरि एकिकृत लागत अनुमान, नापी किताव, कार्यसम्पन्न अवस्था र सार्वजनिक प्रयोगको सुनिश्चीतता गरी निर्माण गर्ने पर्याप्त अनुगमन र सम्वन्धीत क्षेत्रकै उपभोक्ताको अर्थपूर्ण संलग्नता हुनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ४९ | | | **आन्तरिक आय** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.१ | | | **एम्बुलेन्स भाडाः** नगरपालिकाले एम्बुलेन्सा सेवा उपलब्ध गराएवापत नगरसभाले तोकेको दर अनुसार राजश्व उठाउनु पर्नेमा यस आर्थिक वर्षमा नगरपालिका भित्र संचालनमा रहेका २ वटा एम्बुलेन्सबाट रु २१७७००।आम्दानीको बैंक भौचर मात्र पेश भएको छ । एम्बुलेन्सको लगबुक, अर्धकट्टी र आम्दानी रजिष्टर पेश नभएकोले एम्बुलेन्सबाट कति आम्दानी असुल भए, कति असुल हुन बाँकी छ, एकिन गर्ने आधार नभएकोले एम्बुलेन्सको लगबुक र अर्धकट्टी पेश हुनुपर्दछ । | |
| ४९.२ | | | **सटर भाडा**: नगरपालिकाको क्षेत्रभित्र र मातहत रहेका सटरहरु मासिक भाडामा लगाउने सम्झौता अनुसार भाडा लगाउने निर्णय भएको छ । राजश्व शाखाबाट प्राप्त विवरण अनुसार बरमझियाका ४ वटा सटरको आम्दानी विवरण पेश नभएको र हटिया बजारको १३ वटा सटरमध्ये ६ वटाको लागेको विवरण पेश भएको देखियो ।सम्झौता अनुसार प्रत्येक सटरको ३० दिन भित्र अनिवार्य रकम बुझाउनु पर्ने, नबुझाएमा अर्को महिना देखि भाडा रकम ५ प्रतिशत थप जरिवाना समेत लाग्ने व्यवस्था छ ।सम्झौताको दफा ४ वमोजिम भाडामा वृद्धिको सन्दर्भमा २ वर्ष पछि थप १० प्रतिशतका दरले बृद्धि हुँदै जाने व्यवस्था रहेको छ । सकारकर्ताले बिगत बर्ष देखिको सकार रकम, वृद्धि रकम रजरिवाना समेत नियमित रुपमा नबुझाई निर्धारित समयमा नबुझाउदा नगरपालिकाले जरिवाना असुल गरेको देखिएन ।निम्न सटरहरुमा सम्झौता वमोजिम असुल हुन बाँकी रकम र साो मा लाग्ने व्याज समेतअसुल उपर गर्नुपर्ने रु | २६५,००२ |

| **सटर नं.** | **सकार कर्ता** | **सम्झौता मिति** | **मासिक कबोल रकम** | **बार्षिक भाडा बाकि २०७७।७८** | **१० वा २० प्रतिशत वृद्धि रकम २०७७।७८** | **जरिबाना** | **बार्षिक असुल हुन बाकि** |
|---|---|---|---|---|---|---|---|
| हटिया ८ कोठे पक्की सटर | शिवनाथ यादव | २०७४।१।२२ | ४००१ | ४८०१२ | ४८०१ | २४०० | ५५२१३ |
| हटिया ५ कोठे पक्की सटर | मालती झा | २०७३।६।१६ | २४९९ | २९९८८ | ५९९७ | १५०० | ३७४८५ |
| हटिया २ कोठे पक्की सटर | संजिव कुमार साह | २०७३।८।२ | २८०० | ३३६०० | ६७२० | १६८० | ४२००० |
| हटिया २ कोठे पक्की सटर | जयन्त विक्रम साह | २०७३।८।२ | ३००५ | ३६०६० | ७२१२ | १८०३ | ४५०७५ |
| हटिया ८ कोठे पक्की | गौतम कुमार | २०७४।१। | २६९९ | ३२३८८ | ३२३८ | १६१९ | ३७२४५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सटर | वर्मा | २२ | | | | | |
| हटिया ५ कोठे पक्की सटर | संजय कुमार यादव | २०७३।४।९ | ३१९९ | ३८३८८ | ७६७७ | १९१९ | ४७९८४ |
| जम्मा | | | | | | | २६५००२ |

४९.३

**कर तथा शुल्क असुली -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा भाडा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १६८०२४५० | २२८३०१११ | १३५।८७ |
| घरजग्गा वहाल कर | | | |
| व्यवसाय कर | | | |
| वहाल विरौटी शुल्क | | | |
| आय ठेक्का | | | |

**पाकिङ्ग शुल्कः** स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा६०मानगरपालिकालेआफ्नोकार्यक्षेत्रभित्र कुनै पनि सवारीलाई पाकिङ्ग सेवा उपलब्ध गराएवापत पाकिङ्ग शुल्क उठाउने व्यवस्थ रहेकोछ। नगरपालिकालेयस बर्ष पाकिङ्ग शुल्कराजस्व उठाउने अनुमान प्रस्ताब गरेकोमा असुली शुन्यरहेको देखियो । नगरपालिका क्षेत्रभित्र पाकिङ्ग सुविधा उपलब्ध गराई पाकिङ्ग शुल्क उठाउनु पर्दछ ।

**व्यवसाय करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत तथा कर रकम समेत संकलन गरेको पाईएन । नगरपालिकाले यस बर्ष ब्याबसाय कर राजस्व उठाउने अनुमान प्रस्ताब गरेकोमा असुली शुन्यरहेकोमा व्यवसाय दर्ता नभएका व्यवसायीहरुको अनुगमन गरेको पाईएन ।पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | **सवारी करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।<br><br>**मनोरञ्जन करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७७।७८ मा पालिकाले मनोरञ्जन कर राजस्व उठाउने अनुमान प्रस्ताब गरेकोमा असुली शुन्य देखियो । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।<br><br>**राजस्वको अभिलेखः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८ क र २३ राखेको देखिएन। ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८ र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारम राखी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।यस वर्ष नगदी रसिदबाट असुल गरेको सिफारिस दस्तुर र मालपोत वापतको रु.६६०१८८४। आम्दानी गरेकोमा सोको रसिद नम्बर अनुसार दैनिक आवर्जे नराखेबाट असुली गरी आम्दानी गरेको रकम एकिन हुन सकेन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.४ | | | नगरपालिकावाट उपलव्ध विवरण अनुसार नगरापलिकामा देहाय बमोजिमका सवारी साधन रहेकाोमा ती सावरी साधान विभिन्न संघ संस्था तथा व्यक्तिहरुलाइ भाडामा दिने गरिएकोमा भाडा आम्दानी बापत यो वर्ष कुनै रकम प्राप्त भएको छैन ।लेखापरीक्षणको क्रममा लगबुक समेत पेश नभएकोले ती सवारी साधनवापत के कती संचालन भयो सो समेत यकिन गर्न सकिएन । यससम्वन्धमा कार्यालयले थप छानविन गर्नु पर्दछ । | |

| क्र= सं= | सवारीसाधनहरुको नाम | परिमाण |
|---|---|---|
| १ | ठुलो टिपर | १ |
| २ | मझौला टिपर | १ |
| ३ | सानो टिपर | १ |
| ४ | ट्र्याक्टर | ३ |
| ५ | लेबलर | १ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४९.५ | | | स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिमआन्तरिक आय तर्फ छुट दिने व्यवस्था छैन । तर कार्यालयले आयठेक्कामा एकमुष्ट रकम वुझाएमा १० प्रतिशत छुट पाउने व्यवस्था सुचनामा उल्लेख गरी देहाय बमोजिम छूट दिएको छ ।कानुनमा व्यवस्था नगरी सूचनाको आधारमा मात्र छुट दिने व्यवस्था गर्न मिल्ने देखिएन । | |

| क्रसं | ठेक्काको नाम | ठेकेदार | कबोल अंक | छुट रकम |
|---|---|---|---|---|
| १ | पडेमारा पोखरी वाड नं= ५ | योगेन्द्र प्रसाद चौधरी | ३५२६२५ | ३५२६३ |
| २ | कविलासाको पुरानो पोखरी | रामनारायण साह | ३७५००० | ३७५०० |
| ३ | डिठठा पोखरी | प्रताप कुमार साह | २३३५०० | २३३५० |
| ४ | धरमपुर ३ (ख) पुरानो पोखरी | उमेश प्रसाद साह | ७५५०१ | ७५५० |
| ५ | ठेलिया ४ सार्वजनिक पोखरी | राम प्रसाद गोजेवार | २२१५०० | २२१५० |
| ६ | वदगामाको खडगाही पोखरी | घनानन्द खड्गा | २२०१२५ | २२०१२ |
| ७ | कंचनरुप वडा नं ३ ठेलिया | सत्य नारायण खंग | १७७८८५ | १७७६० |
| ८ | कंचनपुर ३ सार्वजनिक पोखरी | राजेश कुमार मंडल | १०९१०० | १०९१० |
| ९ | वक्साहा पोखरी | तारणी प्रसाद चौधरी | ३६०००० | ० |
| १० | पोटरी पोखरी | फिरोज खान | ६५५००० | ० |
| ११ | वडा नं ८ हटिया बजार ठेक्का | संजिव कुमार साह | ९७६००० | ९७६०० |
| जम्मा | | | ३७५६२३६ | २७४०९५ |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **गहुँको विउ खरिद र वितरण**<br>नगरपालिकाले कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उन्नत गँहु विउ वितरण गर्न नगरपालिकाको तर्फवाट रु.२९८०००.०० को विउ खरिद गरी सोनाई बिज भण्डार एण्ड सप्लायर्सवाट खरिद गरी भुक्तानी गरेको छ । गहुंको विउ प्राप्त गर्ने कृषक छनौटको आधार स्पष्ट नभएको, वितरणको भरपाइ समेत संलग्न नगरेको र गहुँको विउको उमार शक्ति परिक्षण नगरी भुक्तानी गरेको छ । उक्त खर्चलाइ पुष्ट्याइ हुने कागजात पेश हुनुपर्ने रु | २९८,००० |
| ५१ | | | **अनुगमनः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन नगरपालिकास्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **बितरण गर्न बाँकी रकम**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा २५(क) बमोजिम बैंकले लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. र जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा सम्बन्धित स्थानीयतहलाई विद्युतीय माध्यमबाट अनिवार्य रुपमा पठाउनु पर्नेमा यो आर्थिक वर्ष मा दुईवटा बैंक मार्फत बितरणको लागि देहाय वमोजिमको रकम निकासा गरेकोमा लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्ममा देहायका वैंकमा निकासा गरेकोमा लाभग्राहीको खातामा रकम जम्मा भएको स्पष्ट देखिने गरी लाभग्राहीको नाम, बैंक खाता नं. जम्मा भएको रकम सहितको विवरण चौमासिक रुपमा नगरपालिकालाई विद्युतीय माध्यमबाट सो अनुसारको बिबरण पेश गरेको देखिएन । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आर्थिक वर्षको अन्त्यसम्ममा देहायका वैंकमा निकासा भएको रकम मध्ये देहाय वमोजिमको रकम वितरण गर्न बांकी देखिएकोले बांकी रकम वैंकवाट फिर्ता लिइ संघिय संचित कोष दाखिला हुनुपर्ने<br><br>बैङ्कको नाम — फिर्ता हुनुपर्ने रकम<br>नेपाल बैङ्क लि. कन्चनपुर — २३६५७९६।०२<br>कृषि विकास बैङ्क लि. कन्चनपुर — १४१५२८९<br>सिटिजन्स बैङ्क इन्टरनेशनल लि. — ४९५४२५<br>एभरेष्ट बैङ्क लिमिटेड — ७५००६०<br>कुल जम्मा रु. — ५०२६५७०।०२ | ५,०२६,५७० |
| ५३ | | | **लगत कट्टा**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमनको व्यवस्था गरेको छ । सो बमोजिम गाउँपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिएको देखिएन । सामाजिक सुरक्षा भत्ताको दुरुपयोग हुन नदिन नगरपालिकास्तरीय अनुगमन संयत्रलाई प्रभावकारी बनाउँदै तोकिए बमोजिम भत्ता वितरण र लगत अद्यावधिक गर्ने कार्यमा ध्यान दिनुपर्ने देखिन्छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **पारदर्शिता**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ को दफा ३३ बमोजिम पारदर्शिता प्रवर्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीयतहले आफ्नो वेभसाइटमा राख्ने व्यवस्था भए पनि नगरपालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन । | |
| ५५ | | | **जोखिम भत्ता वितरण** | |
| ५५.१ | | | **जोखिम भत्ताः**नेपाल सरकारद्वारा जारी भएको "कोरोना भाइरस (कोभिड-१९) को संक्रमणको उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश, २०७७ को दफा ७(ङ) मा कन्ट्याक ट्रेसिङ्गमा खटिएका स्वास्थ्यकर्मी, क्वारेन्टाइनमा खटिएका जनशक्ति, अनुगमन मूल्याङ्कन तथा व्यवस्थापनमा संलग्न जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५० प्रतिशत जोखिम भत्ता प्राप्त गर्न सक्ने व्यवस्था छ । यस नगरपालिकाले नगरपालिका चालु तथा संघिय सशर्तवाट १८० दिनसम्मको २२ जना पदाधिकारीलाई जम्मा रु ७३०००० तथा स्वास्थ्य वाहेकका ८ कर्मचारीलाई रु ७५२२३२ र स्वास्थ्य तथा खापासटे, चालक, सरसफाई कर्मचारी र कार्यालय सहयोगी लगायतलाई रु २५२५५९१।८३ गरी जम्मा रु ४००७८२३।८३ जोखिम भत्ता भुक्तानी गरेको छ ।कार्यालयलसग मस्यौदा प्रतिवेदन उपर छलफल गर्दा मिति २०७७।११।१६ तथा २०७८।०१।२२ गतेको कार्यपालिकाले वैठकले गरेको जोखिम भत्ता सम्वन्धी निर्णय पेश भएको भएको छ भने जोखिम भत्ता वितरण गरिएका कर्मचारीप्रत्यक्ष रुपमा क्वारेन्टाइन व्यवस्थापनमा खटिएको भनिएपनि यसरी क्वारेन्ट्राइनमा के कति कर्मचारी कुन मितिमा खटेको हाजिरी समेत पेश नभई कार्यापालिकाको निर्णयभनी जोखिम भत्ता वितरण गर्ने कार्यले थप व्ययभार पर्न जानेहुदा यस्तो कार्य नियन्त्रण गरिनु पर्दछ। | |
| ५५.२ | | | **भुक्तानीमा कर**– आयकर ऐन, २०५८ को दफा ८८ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले जोखिम भत्तामा १५ प्रतिशत करकटी गर्नुपर्नेमा १ प्रतिशतमात्र करकटी गरेको देखियो।अत भुक्तानीमा नियमानुसार लाग्ने नपुग १४ प्रतिशत अग्रिम कर कट्टी सम्वन्धित ९० कर्मचारीवाट असुल हुनुपर्ने रु. | ५६१,०९५.३३ |
| ५६ | | | **तलव भत्ता** | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ५६.१ | | | तलवी प्रतिवेदनः निजामती सेवा ऐन, २०४९ को दफा ६(ख२) अनुसार कार्यालयले जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट कार्यालयका कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता खर्च लेख्नुपर्ने व्यवस्था छ । यस वर्ष कार्यालयले कर्मचारीको तलवी प्रतिवेदन पास नगरी रु २१०४६३३१ तलव खर्च लेखेकोमा तलव र ग्रेड भिडान गर्न सकिएन। कर्मचारीको दरवन्दी एवम पदपूर्ति र सरुवाको अभिलेख माग गरिएकोमा पेशहुन नसकेकोले दरवन्दी वमोजिमकै पदपर्ति भएको र फाजिलका कर्मचारी नरहेको भनि एकिन गर्नसक्ने आधार भएन।अत ऐनको व्यवस्था पालनगरी तलवी प्रतिवेदन पासगरेरमात्र तलवभत्ता खर्च लेखिनु पर्दछ भने सम्वन्धित शिर्षकवाटमात्र भुक्तानी हुनु पर्दछ।साथै दरवन्दी पदपुर्ति लगायत कर्मचारीको अभिलेख व्यवस्थित राखिनुपर्दछ। | |
| ५६.२ | | | **कर्मचारी कल्याण कोष** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्याण कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था नगरी कंचनपुर गाउविकास समितिको नियुक्ति पाएको र ०७५।१२।०४ मा अवकास भएको भनी मलेपफान २२१ प्रमाणित वेगर मोहोन लुइटेलको रु ३७०४७६ कर्मचारी कल्याणकोषमा खर्चलेखी अवकास भुक्तानी गरेको छ भने कार्यालय सहयोगी छुतहरु सदामृतपदि अवकाश सुविधावापतको रकम दुर्गानन्द सदा, कारी सदा र विन्देश्वर सदाको संयुक्त खातामा भुक्तानीगरी कर्मचारी कल्याणकोषमा खर्च लेखेको छ। साथै २०७७।०७८ कोलागि भनी रु १९४९७४० कर्मचारी कल्याणकोषमा ट्रान्सफर गरेको छ।अवकास भुक्तानी दिइएको भनिएको कर्मचारीको नियुक्ति अवकासलगायतको प्रमाणमाग गर्दा पेश हुन सकेन। अत पालिकाले कल्याण कोषको संचालन सम्बन्धी कुनै ऐन कानूनको व्यवस्था नगरी अवकास भुक्तानी दिएको र रकम जम्मा गरेको नियमित मान्न सकिएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.३ | | | प्रदेश २ सरकारले जारी गरेको प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी कानूनको अनुसुचिमा पदाधिकारीलाई विभिन्न सुविधा प्रदान गरेको छ। नगरपालिकाले २०७७ श्रावणदेखि २०७८ को असाढसम्मको ६५ जना पदाधिकारीलाई जम्मा रु १५०८७००० भुक्तानी गरेको छ। दफा ५ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी कानुन वमोजिम मासिक सुविधा नपाएका सदश्यले समेत यसैऐन वमोजिम सो सुविधा नपाएको मितिदेखिको सुविधा प्राप्त गर्ने भने व्यवस्था भएवमोजिम २०७४ आस्विन १५ देखि २०७७ असाढसम्म ३३.५० महिनाको वाड न ४ को वडा अध्यक्ष श्री राम नाप्र साहलाई रु ६ लाख ७० हजार भुक्तानी गरेको छ। उल्लेखित मितिमा भुक्तान नलिएको सम्वन्धमा मलेपफान २२१ प्रमाणित गरेको नदेखिएकोले एकिन गर्ने आधार भएन।साथै सुविधा सम्वन्धी कानुनको दफा मा मासिक अनुमगन भत्ता वापत भुक्तानी गर्दा अनिवार्य रुपमा अनुमगन प्रतिवेदन संलग्न गर्नु पर्ने व्यवस्था छ। तर कार्यालयले अनुगमन प्रतिवेदन वेगरनै भत्ता भुक्तानी गरेको देहायको अनुमगन भत्ताको प्रतिवेदन पेश हुनु पर्दछ। | |

| पदाधिकारी | पदाधिकारी संख्या | प्रतिनिधिको अनुमगन भत्ता दर | मासिक अनुगमन भत्ता लिएको दिन | मासिक अनुमगन भत्ता | वार्षिक अनुमगन भत्ता |
|---|---|---|---|---|---|
| नगरप्रमुख | १ | ३००० | ३ | ९००० | १०८००० |
| उपप्रमुख | १ | २५०० | ३ | ७५०० | ९०००० |
| १२ वडा अध्यक्ष | १२ | २००० | ३ | ७२००० | ८६४००० |
| ४३ नगरसभा सदश्ये | ४३ | २००० | ३ | २५८००० | ३०९६००० |
| ६कार्यपालिका सदश्ये | ६ | २००० | ३ | ३६००० | ४३२००० |
| वाड न ४ अध्यक्षको विगतको भुक्तानी | १ | २००० | ३ | ६००० | २०१००० |
| जम्मा | | | | | ४७९१००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६.४ | | २०७८-१०-१२ | उल्लेखित पदाधिकारीको सेवा सुविधाको भुक्तानी गर्दा नपुग कर राजश्व थप एकिन गरी दाखिला हुनुपर्ने रु | ६६,५०० |
| ५७ | | | **पदाधिकारीलाई कोरोना उपचार खर्च** | |

उल्लेखित पदाधिकारीको सेवा सुविधाको भुक्तानी गर्दा नपुग कर राजश्व थप एकिन गरी दाखिला हुनुपर्ने रु

| **क्रम** | **कर्मचारीको/फर्म/संगठन नाम** | **असुली रकम** |
|---|---|---|
| ५६.४.१ | वडा अध्यक्ष श्री राम नारायण प्रसाद साह | ६६,५०० |

**पदाधिकारीलाई कोरोना उपचार खर्च**

**पदाधिकारीलाई कोरोनालगायतको उपचार सहयोग खर्चवापतको भुक्तानीः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले कार्यपालिकाको निर्णयभनी विभिन्न पदाधिकारीलाई निम्नानुसार आर्थिक सहयोग उपलव्ध गराएको छ। आर्थिक सहायता वितरण गर्ने सम्वन्धमा नगरपालिकाले कार्यविधि तयर गरी खर्च गर्नु पर्दछ ।

| पद | नाम | सहयोग | रकम | कैफियत |
|---|---|---|---|---|
| वडा सदश्य | संजय पासवान | उपचार खर्च | १०७९३५ | |
| कर्मचारी | राम सेवक यादव | उपचार खर्च | ८०००० | |
| ८ न वडाअध्यक्ष | राजकुमार साह | उपचार खर्च | ८५००० | |
| | सत्य नारायण साह | उपचार खर्च | १००००० | |
| पदाधिकारी | निरजंन प्रसाद साह | कोरोना संक्रमण देखिएकोमा राहत | ८५००० | रु १ लाखमा रु १५००० करकटी गरी |
| पदाधिकारी | दिलिप कुमार चौधरी | कोरोना संक्रमण देखिएकोमा राहत | ८५००० | " |
| पदाधिकारी | संजय कुमार पासवान | कोरोना संक्रमण देखिएकोमा राहत | ८५००० | " |
| पदाधिकारी | माधव भुजेल | कोरोना संक्रमण देखिएकोमा राहत | ८५००० | " |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | ६६३ | २०७७-१२-१२ | **कार्यपालिका वैठक**<br><br>**कार्यापालिका वैठक भत्ताः** प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐनको अनुसूचिको ख मा पदाधिकारीको वैठक भत्ता यातायात सुविधा तथा इन्धन सुविधा लगायतको व्यवस्था गरेको छ। नगरपालिकाले वडा समितिको वैठक वसेकोभनी मासिक रुपमा ३ पटकको वैठक भत्ता भुक्तानी गरेको देखिन्छ। तर उल्लखित सुविधा वापतको भुक्तानी उपलव्ध गराएपस्चातपनि विभिन्न समयमा कार्यापालिकाको वैठकमा सहभागी भएकोभनी पदाधिकारी र अन्य कर्मचारीले अलग्गै वैठक भत्ता लिएको पाइयो। यसरी वडासमितिको वैठकमै मासिक ३ पटकको अधिकतम सिमाको वैठक भत्ता सुविधा लिएकोमा समेत कार्यपालिकाको वैठक भत्ता लिनसक्ने एवम कार्यपालिका वैठकमा कर्मचारीलाई अलग्गै वैठक भत्ता उपलव्ध गराउन सक्ने आधार पेश हुनुपर्नेअन्यथा असुल हुनुपर्ने रु | १,४०२,४०० |

| क्रसं | पदाधिकारी तथा कर्मचारी | वैठकको विवरण | वढीवैठक संख्या | वैठक भत्ता दर | वढी भुक्तानी भएको वैठक भत्ता |
|---|---|---|---|---|---|
| | ६६३।१२।०२ | कार्तिकदेखि माघसम्म | | | |
| २ | १२ वडा अध्यक्ष | वडा समिति वैठकमा मासिक ३ वैठक भत्ता भुक्तानी लिएकोले १ वडाध्यक्षको ७ तथा ३ वडाअध्यक्षको १० र ८ वडाअध्यक्षको ११ वैठक भत्ता वढी भुक्तानी | ७ तथा १० र ११ | २००० | २५०००० |
| ३ | ५ जना कापा सदश्ये | वडा समिति वैठकमा मासिक ३ वैठक भत्ता भुक्तानी लिएकोले १ सदश्येले १० तथा ४ सदश्येले ११ वैठक भत्ता वढी भुक्तानी | ४१ | २००० | १०८००० |
| ४ | १५ कर्मचारी | १५ कर्मचारीले १ देखि ११ दिनसम्म | १ देखि ११ दिन | २००० | १३२००० |
| | | जम्मा | | | ४९०००० |
| | ७३४।१२।१० | श्रावणदेखि आस्विनसम्म | | २००० | २०८००० |
| १ | १२ वडाअध्यक्ष | ८ देखि ९ दिनसम्म | ८ देखि ९ दिनसम्म | २००० | २०८००० |
| २ | ५ जना | ८ देखि ९ दिनसम्म | ८ देखि ९ | २००० | ८४००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कार्यपालिका सदश्य | | दिनसम्म | | | |
| | | | ३ | १५ जना कर्मचारी | ८ देखि ९ दिन | ८ देखि ९ दिन | २००० | १२६००० | |
| | | | | | जम्मा | | | ४१८००० | |
| | | | | १५७४।०३।३० | | | | | |
| | | | | १२ वडाध्यक्ष | १५ दिननै वढी वैठक भत्ता | १५ | १२०० | २१६००० | |
| | | | | ३ काप सदश्य | १४ दिनकै वढी वैठक भत्ता | १४ | १२०० | ५०४०० | |
| | | | | ३ काप सदश्य | १५ दिनकै वढी वैठक भत्ता | १५ | १२०० | ५४००० | |
| | | | | १ काप सदश्य | १३ दिनकै वढी वैठक भत्ता | १३ | १२०० | १५६०० | |
| | | | | २२ जना कर्मचारी | २२ कर्मचारीको १ देखि १५ दिनसम्मको | १ देखि १५ दिन | १२०० | १५८४०० | |
| | | | | | जम्मा | | | ४९४४०० | |
| | | | | | कुल जम्मा | | | १४०२४०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **प्रमाण पेश हुनुपर्ने**<br><br>**प्रमाण पेशहुनुपर्ने:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ।नगरपालिकाले १७ जना प्रशासनिक एवम स्वास्थ्यका कर्मचारीलाई कोभिड नियन्त्रणकालागि क्वारेन्टाइनमा खटेवापत रु ३०० कादरले गोभौ न १०५।०७।०५ वाट रु ५५३८०० र १६६९।०३।३०वाट रु ४१४००० भुक्तानी गरेको छ। भुक्तानीमा क्वारेन्टइनमा खटेकोभनिएपनि हाजिरी र मिति खुलेको प्रमाण संलग्न नभएकोले पेशहुनुपर्नेरु | ९६७,८०० |
| ६० | 373 | २०७८-३-२५ | **अनुगमन**<br>कोभिड १९ का कारण उत्पन्न परिस्थितीमा सिकाई सहजिकरण लागि शैक्षिक कार्यक्रम अन्तर्गतको उप क्रियाकलाप १.५ मा विद्यालयमा स्वास्थय सुरक्षा सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान शिर्षक अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत पूर्व प्राथमिक विद्यालय देखि कक्षा १२ सम्मका विद्यार्थीका लागि प्रति विद्यार्थी रु.२००.०० का दरले विद्यालयलाई अनुदान निकासा दिने भनी व्यवस्था वमोजिम नगरपालिकाले यो वर्ष रु.१९४०६००.०० निकासा गरेकोमा उक्त निकासा वाट भएको खर्चको अनुगमन प्रतिवेदन पेश हुनुपर्दछ । | |
| ६१ | | | **पाठ्यपुस्तक वितरण**<br>कार्यक्रम कार्यन्वयन पुस्तिका वमोजिम २०७७।०७८ मा निःशुल्क पाठयपुस्तक अनुदान अन्तर्गत EMIS मा प्रविष्टि तथ्याङ्कलाई यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी एकिन संख्याका आधारमा दोश्रो चौमासिक भित्र विद्यालयलाई अनुदान दिने र यसरी अनुदान दिदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने तथा २०७८ बैशाखमा सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठयपुस्तक खरीद र वितरण गरेको विवरणको आधारमा एकीन गरी नपुग हुने रकम मात्र थप अनुदान दिने व्यवस्था छ । दोश्रो चौमासिकमा ७५ प्रतिशत निकासा गर्नुपर्ने र विद्यालयबाट पाठयपुस्तक खरीद बापत पेश भएको विल भरपाईको तथा विद्यार्थी संख्या समेत यकिन गरी थप रकम निकासा गर्नुपर्नेमा नगरपालिकाले उक्त व्यवस्था विपरित अन्तिम चौमासिकमा हेड काउण्ट वेगर भौ.नं.३२९-२०७८।३।२४ वाट रु.४७१८०००.०० निकासा गरेको छ । निकाशा रकमवाट पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरुलाइ वितरण गरे नगरेको नगरपालिकाले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन । पाठ्यपुस्तम वितरणको अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६२ | 331 | २०७८-३-२४ | **छात्रवृत्ति वितरण**<br>छात्रवृत्ती अनुदान नगरपालिका अन्तर्गतका विद्यालयहरुमा रहेका दलित छात्रा/छात्रहरुको लागी रु.४००.०० का दरले छात्रवृत्ती अनुदान बापत रु.२३३३७००.०० निकासा गरेको छ ।कोभिड १९ रोगका कारण अधिकांश समय विद्यालय बन्द रहेको र निकासा समेत समयमा नगरेकोले सो रकम सम्बन्धित विद्यार्थीहरुलाई वितरण भएको हो भन्ने कुरामा विश्वस्त हुने आधार नरहेको । उक्त निकासा सम्बन्धमा अनुगमन गरी बितरणको भरपाई पेश हुनुपर्ने रु | २,३३३,७०० |
| ६३ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसार गाउँपरिषदबाट स्वीकृत भई कार्यन्वयनमा रहेको श्रममूलक कार्यमा श्रम उपयोग गरी न्यूनतम रोजगारी दिने गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १२ वडामा ८५ योजनामा रु ४४३६३७७ खर्च गरेको देखिन्छ भने खर्चको चौमासिक तथा वार्षिक प्रतिवेदन तयार गरेको छैन।कार्यविधि वमोजिमको रोजगार उपभोक्तासंग भएका सम्झौतामा विवरणसमेत पुर्णरुपमा भरिएको देखिदैन भने भएको खर्च सार्वजनिकीकरण समेत गरेको छैन। कतिपय कार्यक्रमको अनुगमन प्रतिवेदन संलग्न छैन। अत कार्यविधिमा उल्लेख भएअनुसार नगरपलिकाले स्वीकृत वार्षिक कार्यक्रम भित्र परेको श्रममुलक कार्यमा खर्च गर्नुपर्नेमा नतिजा नदेखिनेगरी साना योजनाहरु खर्च गर्दा कार्यविधिको पालना भएको देखिएन । कार्यविधि अनुसार उत्पादन मुलक कार्यमा खर्च गर्नेगरी कार्यक्रम छनौट गर्नु पर्दछ र अनुगमन तथा प्रतिवेदन प्रणाली प्रभावकारी वनाइनु पर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **बढि निकासा**<br>विद्यालयलाई निकासा दिदा विद्यालयको माग फारमको आधारमा शिक्षकहरुको संख्या, तलब भत्ता एकिन गरी माग फारमको आधारमा विद्यालयलाई निकासा दिनुपर्नेमा सर्वोदय मा.वि कन्चनपुरलाई तेस्रो चौमासिकमा देहायको शिक्षकहरुको निकासा रु.२६५२५३.०० बढी निकासा भएको छ । बढी निकासा भएको रकम फिर्ता लिइ संघिय संचित कोष दाखिला गर्नुपर्ने रु | २६५,२५३ |

| विद्यालयको नाम | शिक्षकको नाम | निकासा रकम | निकासा हुनुपर्ने रकम | बढी निकासा |
|---|---|---|---|---|
| श्री सर्वोदय मा वि कंचनपुर | रामचरण यादव | २३२८०६.०० | १७७१०४.०० | ५५७०२.०० |
| श्री सर्वोदय मा वि कंचनपुर | गजेन्द्र प्रसाद चौधरी | २३८७२८.०० | १८१५४६.०० | ५७१८२.०० |
| श्री सर्वोदय मा वि कंचनपुर | राजेश्वरी चौधरी | २२०१९६.०० | १६७६४६.०० | ५२५५०.०० |
| श्री सर्वोदय मा वि कंचनपुर | नागेश्वर चौधरी | २२०१९६.०० | १६७६४६.०० | ५२५५०.०० |
| श्री सर्वोदय मा वि कंचनपुर | लंका कुमारी साह | १९९०७६.०० | १५१८०७.०० | ४७२६९.०० |
| | जम्माः | १११९००२.०० | ८४५७४९.०० | २६५२५३.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **प्राविधिक मूल्याङ्कन**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने उल्लेख छ । कार्यालयले देहायका विद्यालयहरुलाइ भवन निर्माण, पुस्तकालय स्थापना, आइसिटी ल्याव स्थापना लगायतका कार्यक्रम गर्न देहाय वमोजिम निकासा गरेको छ । उक्त निर्माण कार्यको विल भरपाइ सहितको प्राविधिक मूल्यांकन र सामान खरिद तर्फको विल भरपाइ र अनुगमन प्रतिवेदन संलग्न हुनुपर्नेमा सो संलग्न नगरी विद्यालयको खातामा निकासा गरेको छ । निकासा रकमको विल भरपाइ सहितको प्राविधिक मूल्यांकन पेश हुनुपर्ने रु | ८,४५०,००० |

| भौ नं।मिति | विद्यालय | विवरण | रकम |
|---|---|---|---|
| २६१।०७८।३।२१ | जनता आधारभुत विद्यालय वदगामा कञ्चनरुप १० | वास सुविद्या सहितको शौचालय निर्माण | ७०००००.०० |
| २६१।०७८।३।२१ | मदरसा मुमताजुल उलुम कञ्चनरुप नपा ११ गोरपार | वास सुविधा सहितको शौचालय निर्माण | ७०००००.०० |
| २६१।०७८।३।२१ | दलित रा.प्रा.वि वरमझिया तत्माटोल | विद्यालय भवन प्रवलिकरण भौतिक पुर्वाधार | १५०००००.०० |
| २६१।०७८।३।२१ | महेन्द्र जनता माध्यमिक विद्यालय बलुवा सितापुर | चार कोठे आर सी सी भवन निर्माण | ३६०००००.०० |
| २७४।०७८।३।२३ | महेन्द्र जनता माध्यमिक विद्यालय बलुवा सीतापुर | पुस्ताकलय व्यवस्थापन | ६५००००.०० |
| २७४।०७८।३।२३ | लक्ष्मि नारायण माध्यमिक बिद्यालय बैरवा | आई सि टी, कम्प्युटर, इन्टरन्ट | ६५००००.०० |
| २७४।०७८।३।२३ | शंकर माध्यमिक विद्यालय बरमझिया सुब्बाटोल | बिज्ञान प्रयोगशाला स्थापना | ६५००००.०० |
| | | जम्मा | ८४५००००.०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **तलवी प्रतिवेदन**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७६/७७ को खण्ड २.१ मा स्थानीयतहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दी, राहत र प्राविधिक धार तर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागी विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईबाट पारित गराई सो बमोजिम निकासा गर्नुपर्नेमा सो गरेको देखिएन । शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाई मात्र आधार लिइ ३२ वटा विद्यालयलाई यो वर्ष रु.५९२३११८८.०० तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २५ प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकाको व्यवस्था विपरित तलबी प्रतिवेदन बेगर तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दी बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवी प्रतिवेदन पारित गराई विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान रकम निकासा दिने पद्धतीको अवलम्वन गर्नुपर्दछ । | |
| ६७ | | | **सेनेटरी प्याड खरिद**<br>सामुदायिक विद्यालयमा अध्ययनरत किशोर अवस्थाका छात्रालाई महिनावारी सामाग्री उपलब्ध गराइ उनीहरुको स्वास्थ्य सुधार गर्न, सोही कारणवाट विद्यालय छोड्ने समस्या समाधान गर्ने उदेश्यले सन्चालित यो कार्यक्रम कार्यान्वयन गर्न नगरपालिकाले यो वर्ष बोलपत्रको माध्यमवाट २७६०९ प्याकेट सेनेटरी प्याड खरिद गरी ए.टु.जेड. ट्रेड एण्ड सप्लायर्सलाई रु.२२३०६६९.१५ भुक्तानी गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ।<br>क सेनिटरी प्याड (वितरण व्यवस्थापन) कार्यविधिको दफा ६ मा विधालयले दफा ५ वमोजिम उपलव्ध सेनीटरी प्याड र छात्राहरुलाई वितरणको अभिलेख राख्नुपर्ने, सोको सूचना प्रत्येक महिनाको पहिलो हप्ता विधालयको सूचानापाटीमा टाँस गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयहरुले सो गरेको पाइएन। सम्झौतामा उल्लेख भए बमोजिमको स्पेसिफिकेशन बमोजिमको सामान आपुर्ति भए नभएको सम्बन्धमा नगरपालिकाले प्रतिवेदन तयार नगरी भुक्तानी गरेको छ ।<br>ख कार्यविधिको दफा ४ मा स्थानीयतहले खरिद गरेको सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी सुरक्षीत भण्डारण गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिका तथा विधालयहरुले तोकीएको मापदण्ड अनुसार भण्डारण गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६८ | | | **दिवा खाजा वितरण**<br>विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणीत गराइ स्थानीयतहमा सँकलन गरी संख्या एकिन गर्नुपर्ने तथा तेस्रो चौमासीकमा निकासा गर्दा पहिलो र दोस्रो चौमासिकमा निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्नेमा नगरपालिकाले विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिकाको प्रमाणीत प्रतिलिपि संकलग्न नगरेको तथा लेखापरीक्षणमा पेश गरेको छैन । नगरपालिकाले वालविकास देखि कक्षा ५ सम्मका विद्यार्थी संख्या एकिन गरी निकासा पठाउनु पर्नेमा सो संख्या एकिन गरेको अभिलेख लेखापरीक्षणमा पेश नगरी भौ.नं१६१-२०७८।१।५ वाट रु.१३९००८६५.०० निकाशा गरेको छ । विद्यार्थी संख्या एकिन गरी निकाशा रकमवाट विद्यार्थीहरुले दिवा खाजा खुवाएको प्रमाणित हुने कागजात प्रमाण पेश हुनुपर्ने रु. | १३,९००,८६५ |
| ६९ | ९०८ | २०७८-१-१९ | **धानको विउ वितरण**<br><br>**धानको विउ वितरणः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ५ मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। नगरपालिकाले ५० प्रतिशत अनुदानमा धानको विउ वितरण गर्न ४४०० केजी धानको विउ खरिद गरेकोभनी जुटवाली अनुसन्धानलाई रु २६४००० भुक्तानी गरेको देखियो। यसरी खरिद गरेको धानको विउ पाउने कृषक छनोटको आधार र वितरणको भरपाई पेशहुनुपर्ने रु | २६४,००० |
| ७० | | | **आर्थिक सहायता**<br><br>**आर्थिक सहयोगः** स्थानीय सरकार संचालन ऐन,२०७४ मा नगरपालिकालाई आर्थिक सहायता दिने, शुमकामना तथा समवेदना वापत खर्च लेख्न पाउने व्यवस्था गरेको छैन । तर नगरपालिकाले विभिन्न संस्थातथा व्यक्तिलाई आर्थिक सहयोग तथा औषधी उपचार सहायता वापत रकम वितरण गरी खर्च लेखेको छ। यस किसिमले आर्थिक सहायताका रुपमा वितरणमुखी कार्यमा खर्च गर्ने प्रवृत्तिमाथि नियन्त्रण गरी पूर्वाधारजन्य विकास निर्माणको कार्यमा खर्च गरी वजेट तथा कार्यक्रमको उदेश्य प्राप्ति गर्न ध्यान दिनु पर्दछ । तर नगरपालिकाले नमुना परीक्षण गर्दा रु.१४८८१६५ आर्थिक सहायता वितरण गरेको छ । यस्ता आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ। आर्थिक सहायता वितरण सम्वन्धी केही उदाहरण निम्नानुसरा छन।<br><br><table><tr><td>क्रसं</td><td>संस्थाको नाम</td><td>रकम</td></tr><tr><td>१</td><td>जिल्ला भारत्तोलन संघ</td><td>५००००</td></tr><tr><td>२</td><td>उदयानन्द स्मारक प्रतिष्ठान</td><td>१५००००</td></tr><tr><td>३</td><td>पतंजली योगनगर समिति</td><td>१०००००</td></tr></table> | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>४</td><td>पारोदेवी थरोनी</td><td>२५०००</td></tr>
<tr><td>५</td><td>मंजिल इन्टरप्राइजेज</td><td>२५००००</td></tr>
<tr><td>६</td><td>नेपाल आदिवासी जनजाति महासंघ नगर समन्वय परीषद कंचनरुप</td><td>१५००००</td></tr>
<tr><td>७</td><td>एकल महिला सुरक्षा कोष</td><td>१०००००</td></tr>
<tr><td>८</td><td>फिजिकल फिटनेस क्लव</td><td>१६३१६५</td></tr>
<tr><td>९</td><td>सृजनात्मक महिला सहकारी संस्था</td><td>५०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४८८१६५</td></tr>
</table></td><td></td></tr>
<tr><td>७१</td><td>१२८१</td><td>२०७८-३-२३</td><td>अक्सिजन सिलिण्डर खरिद<br><br>अक्सिजन सिलिण्डर खरिद– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैगर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझैखरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । कोभिड महामारीको समयमा नगरपालिकाले २५ अक्सिजन सिलिण्डर र ४ अक्सिजन कन्सेन्ट्राटोभ्सलटर लगायतको सामाग्री रु १९९८९७० मा पिएसएम ट्रेड लिंकवाट कोटेशनको आधारमा खरिद गरेको र स्थास्थ्य तर्फको इएलएमआइस सफ्टवेयरमा दाखिला गरेको देखिन्छ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>नगरपालिका चालुतर्फका टुक्रा खरिद<br><br>टुक्रा खरिद– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा तोकिएको सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने व्यवस्था छ</td><td>७,४२८,६९३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

। नगरपालिकाले यो वर्ष नगरपालिका चालुवाट विभिन्न वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ एकै प्रकृतिका वस्तु तथा सेवालाई विभिन्न समयमा टुक्रा गरी प्रतिस्पर्धावाट वंचित हुने गरी खरिद गरेको देखिन्छ। निम्नानुसार टुक्रा गरी खरिद गरेको उल्लेखित खरिदमा कैफियतसमेत देखिएकोले नियमित नदेखिएको रु

| गोभौ न र मिति | आपुर्तकको नाम | खरिद सामाग्री | रकम | कैफियत |
|---|---|---|---|---|
| २०३।०७७। ०७।२७ | ABI फर्मा | प्यासेन्ट वेड पिलो लगायत | १२०२८३९ | लागत अनुमान वेगर खरिद तथा भ्याटमा दर्ता वेगरनै भ्याट विल जारी गरी भुक्तानी मु र सामाग्रीको स्फेकिफिकेसन समेत नखुलेको |
| ११२।०७७। ०७।०६ | निरभाना गार्मेट | मास्क लगायतको सामाग्री | ४९९८३४.५ | माग फारम र वितरणको भरपाई समेत पेश नभएको |
| ३३१।०७७। ०९।२१ | निरभाना गार्मेट | २७७५० थान मास्क खरिद | ४९९८३९ | दाखिला प्रतिवेदन पेश समेत नभएको |
| ९३९।०७८। ०१।२७ | साझा ट्रेडर्स एण्ड सप्लायर्स | मसलन्द सामाग्री खरिद | ४९९७४२.५ | एकै प्रकृतिको एकै मितिका विल एकै भौचरवाट भुक्तानी |
| ९३९।०७८। ०१।२७ | साझा ट्रेडस | मसलन्द सामाग्री खरिद | ४८१२१०.५ | |
| ९३९।०७८। ०१।२७ | साझाअफसेट प्रेस | मसलन्द सामाग्री खरिद | ४९८८९५ | |
| ३२८।०७७। ०९।१५ | जय श्रीराम वस्त्रालय | ६०० थान सिरक खरिद | ४९८००० | लागत अनुमान तथा दाखिला तथा वितरणको भरपाई ुसमेत पेश हुनुपर्ने |
| ३९९।०७७। १०।२८ | जय श्रीराम वस्त्रालय | ४०० थान सिरक खरिद | ३३२००० | वितरणको भरपाई समेत पेशहुनुपर्ने |
| ४३५।०७७। | जय श्रीराम | २०० थान सिरक खरिद | १६६००० | वितरणको भरपाई पेश समेत हुनुपर्ने |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | १०।१३ | वस्त्रालय | | | | |
| | | | ४५०।०७७।१०।१४ | ग्लोवल एन्जल प्रा लि | डेल ल्यापटप खरिद | ९२६६० | एकै भौचर तथा एकैदिन भुक्तानी एवम पाम्समा दाखिला समेत नभएको | |
| | | | ४५०।०७७।१०।१४ | पिसी क्लिनिक | २ थान डेल ल्यापटप १ थान डेष्कटप सहित प्रिन्टर खरिद | ४९८३३० | | |
| | | | १५८७।०७८।०३।३० | कान्तिपुर इलेक्ट्रोनिक्स | कम्प्युटर ५ थान खरिद | ४९९९९६.७५ | म्यानुअल दाखिलामात्र रहेकोले पाम्समा दाखिला समेत पेशहुनुपर्ने | |
| | | | १७०६।०७८।०३।३१ | कम्प्युटर सोलुसन | १० थान प्रिन्टर लगायत | २९९९५८ | दाखिला र हस्तान्तरण फारम समेत पेशहुनुपर्ने | |
| | | | ९३३।०७८।०१।२७ | अत्रि भेटनरी औषधी पसल | भेटनरी भ्याक्सिन खरिद | १६२७५० | लागत अनुमान तयार नगरेको र प्रयोगको अवस्था नखुलेको | |
| | | | ८७४।०७८।०१।१६ | यसोदा भेट फर्मा | भेटनरी भ्याक्सिन | ५००००० | एकै मितिको विल र एकै भौचरवाट खरिद साथै लागत अनुमान पेशहुनुपर्ने | |
| | | | ८७४।०७८।०१।१६ | अत्रि भेटनरी | भेटनरी भ्याक्सिन | १३४००० | | |
| | | | १४२।०७७।०७।२९ | अरुण काष्ठ उधोग | फर्निचर सामाग्री | २७२३७२ | विल भरपाई समेत पेशहुनुपर्ने | |
| | | | १४२।०७७।०७।२९ | एम एण्ड अटो पार्ट | मर्मत | २६५३३० | विल भरपाई पेशहुनुपर्ने | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १४२।०७७।०७।२९ | चन्दन हार्डवेयर | हार्डवेयर सामाग्री | २४९३६ | विल भरपाई पेशहुनुपर्ने |
| | | जम्मा | ७४२८६९३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **आन्तरिक लेखापरीक्षणतर्फ**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ मा आन्तरिक लेखापरिक्षणवाट औल्याइएको वेरुजु अन्तिम लेखापरिक्षण हुनुभन्दा अघिनै फर्छयौट गर्नुपर्ने व्यवस्था छ।आन्तरिक लेखापरिक्षणवाट औल्याइएको निम्न वमोजिमको वेरुजुहरु हालसम्मपनि फर्छयौट गरेको नदेखिएको रु<br><br>१। गरिवसंग विशेश्वर कार्यक्रमतर्फ श्री शान्ती कुमारी यादवलाई खर्च सोधभर्ना दिदा अग्रिम कर र पारिश्रमिक कर कट्टा भएको रकम वैक दाखिलाको भौचर संलग्न नभएकोले दाखिला गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा राजश्व दाखिला हुनुपर्ने रु ४६२६ | ४,६२६ |
| ७४ | | | संपरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछर्योट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछर्योट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजू(B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| | | |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | बेरुजु रकम |
|---|---|---|---|---|---|
| | | | | | |
| ७५ | | | अधावधिक बैरुजु<br>**अद्यावधिक वेरुजुः** यस नगरपालिकाको २०७७।७८ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ ।<br>रु हजारमा | | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| ३८३९२८ | १८७४९ | ८९२८५ | ० | ४५४४६४ |